का.जि.प्र.का.द.नं. १००/०५९/६०
४ माघ २०८२
आइतबार
18 January 2026
Sunday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

वर्ष २३, अंक ३३०। पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

### धमाधम उम्मेदवार छान्दै दलहरू

# प्राथमिकतामा युवा

सबै पार्टीबाट यसपटक युवा उम्मेदवार प्राथमिकतामा परेका छन् । गत २३ र २४ भदौमा भएको जेनजी आन्दोलनको प्रभाव र पार्टीमा समेत युवाको बढ्दो हस्तक्षेपले नवयुवालाई उम्मेदवार बन्न सहज बनाइदिएको छ ।






कुनै पनि अप्राकृतिक गठबन्धन वा सत्ता केन्द्रित सम्झौता नगर्ने, संविधानको रक्षा र नवयुवाको आकांक्षा सम्बोधन गर्ने निर्णय भएको छ ।

● **देवराज चालिसे**
**प्रवक्ता**
**नेपाली कांग्रेस**

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ३ माघ

नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' टिकट वितरणमा लागेका छन् । झापा निर्वाचन क्षेत्र नम्बर ५ मा रञ्जित तामाङलाई टिकट दिएका छन् । यो नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली चुनाव लड्दै आएको क्षेत्र हो । यही क्षेत्रबाट राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का वरिष्ठ नेता बालेन्द्र शाह (बालेन) चुनाव लड्ने तयारी गरेका छन् । ओली र बालेनसँग प्रतिस्पर्धा गर्न नेपाली कम्युनिस्ट पार्टीले पनि युवालाई नै उम्मेदवार बनाएको छ । तामाङ स्थानीय युवा हुन् ।

नेकपाले भोजपुरबाट युवा नेता अजम्बर राई काङमाङलाई उम्मेदवार बनाएको छ । २०७९ सालको निर्वाचनमा उनलाई तत्कालीन माओवादी केन्द्रले समानुपातिक सूचीमा राखेको थियो । तर सांसद हुन पाएनन् । यसपटक प्रत्यक्षमै टिकट पाएका हुन् ।

नेकपाका संयोजक प्रचण्डका अनुसार उनले गत शुक्रबारबाट टिकट दिन थालेका हुन् । 'आफ्नो दलको तर्फबाट मैले >>> पृष्ठ २ मा

# जवाफ दिने ठाउँमा गगन

## उस्तै छन् चुनौतीका चाङ

पार्टीका नवयुवादेखि ८० वर्षमाथि सम्मका नेता कार्यकर्ताको भावनालाई एउटै मालामा उनेर सग्लो कांग्रेस लिएर हिँड्नुपर्ने सबैभन्दा ठुलो चुनौती गगनसामु छ। भू-राजनीतिक प्रभावले घेरेको नेपाललाई सबै मुलुकसँग राजनीतिक र कूटनीतिक सहकार्यमा सन्तुलन कायमा राख्नुपर्ने उनीमाथि चुनौती छ। कसैसँग सहकार्य नगरी चुनाव लड्ने तयारी गरेका थापासामु पार्टीका बहुसंख्यक उम्मेदवारलाई जिताउनुपर्ने दायित्व पनि छ। यदि पार्टीले हार बेहोरेमा उनीमाथि कार्यकर्ताले थप प्रश्न तेर्स्याउने नै छन्।

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, ३ माघ

गगन थापा विद्यार्थीकालदेखि नै विद्रोही नेता थिए । उनको यही शान्त विद्रोहले ८० वर्ष पुरानो नेपाली कांग्रेसको नेतृत्व हात लागेको छ । दोस्रो विशेष महाधिवेशनमार्फत कांग्रेसको नेतृत्वमा पुगेका नेता थापा चुनौतीका चाङमाथि उभिएका छन्। निर्वाचन आयोगले वैधता दिएसँगै संस्थापन पक्ष बनेका गगन र उनको टिमसामु चुनौतीलाई आत्मसात् गर्दै परिणाम निकाल्नुपर्ने बाध्यता छ । नवनिर्वाचित केन्द्रीय समितिका नेताहरूको शालिनता र पार्टीका सबै नेतालाई एकताबद्ध हुन गरेको आह्वानले सकारात्मक सन्देश भने प्रवाह गरेको छ । यद्यपि यी सार्वजनिक विचार मात्रै हुन् कि व्यवहारमा लागू हुन्छन् ? भन्ने प्रश्न गगनमाथि छ। विषेश महाधिवेशनकै विषय लिएर नेपाली >>> पृष्ठ २ मा

### सत्ताकेन्द्रित सम्झौता नगर्ने निर्णय

नेपाली कांग्रेसको नवनिर्वाचित केन्द्रीय समितिको बैठकले आगामी निर्वाचनमा कुनै पनि सत्ताकेन्द्रित सम्झौता नगर्ने निर्णय गरेको छ। सो बैठकले कांग्रेसले अब उप्रान्त कुनै पनि अप्राकृतिक गठबन्धन वा सत्ताकेन्द्रित सम्झौता नगर्ने, संविधानको रक्षा र नवयुवाको आकांक्षालाई सम्बोधन गर्ने निर्णय लिएको हो। शनिबार बानेश्वरस्थित एक पार्टी प्यालेसमा सबेको केन्द्रीय समितिको >>> पृष्ठ २ मा



# 'फेलियर' हुँदै स्वास्थ्य बिमा कार्यक्रम

## टिचिङमा बन्द, गंगालालमा मुस्किल



**सपना बोहरा/मध्यान्ह**
काठमाडौं, ३ माघ

त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालले स्वास्थ्य बिमाबाट दिइने सेवा बन्द गरेको छ । स्वास्थ्य बिमा बोर्डले उपचार खर्चबापतको रकम ४० करोड रुपैयाँ भुक्तानी लामो समयदेखि नदिएपछि माघ १ गतेदेखि स्वास्थ्य बिमा सेवा बन्द गरेको हो ।

'उपचार खर्चबापतको रकम नपाएपछि अस्पतालले पहिले नै माघ १ गतेदेखि स्वास्थ्य बिमाअन्तर्गतका सम्पूर्ण उपचार सेवा बन्द गर्ने निर्णय बोर्डलाई जानकारी गराइसकेको थियो,' अस्पतालका सूचना अधिकारी कालीप्रसाद रोस्याराले भने, 'अस्पतालले भुक्तानी पाएन, कसरी बिरामीको उपचार गर्ने ? सेवा बन्द गर्नुपर्ने अवस्था आयो ।'

माघ सुरुसँगै अस्पतालले बिमा स्वास्थ्यका सम्पूर्ण सेवा बन्द गरेको हो । 'सधैं घाटा खाएर सेवा दिन सक्दैनौं,' उनले भने, 'सरकारले बिमा रकम उपलब्ध गराउन नसक्दा दैनिक ५ सय बिरामी स्वास्थ्य बिमा सेवाबाट वञ्चित हुनुपर्‍यो ।' सरकारले स्वास्थ्य बिमाको रकम नदिँदा २०७७ सालदेखि नै अस्पतालले प्रदान गर्दै आइरहेको स्वास्थ्य बिमा सेवा बन्द गर्नुपरेको उनले बताए ।

देशकै प्रमुख सरकारी अस्पतालमध्ये शिक्षण अस्पतालले त स्वास्थ्य बिमा सेवा बन्द गर्नुपर्ने स्थिति आएको छ । शिक्षण अस्पतालजस्तो केन्द्रीय र रेफरल अस्पतालले नै स्वास्थ्य बिमा सेवा बन्द गर्ने निर्णयमा पुगेपछि गम्भीर विषय बनेको छ । बिमा बोर्डले त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताललाई ४० करोड भुक्तानी दिन बाँकी रहेको भन्दै स्वास्थ्य बिमाको सेवा बन्द गरेको छ ।

त्यस्तै, अर्को महत्वपूर्ण अस्पताल शहीद गंगालाल राष्ट्रिय हृदय केन्द पनि स्वास्थ्य बिमा सेवा बन्द गर्ने तयारीमा छ । बिरामीहरूको उपचार गरेबापतको ४० करोड रुपैयाँ बिमा बोर्डले भुक्तानी नगरेको भन्दै केन्द्रले पनि अब स्वास्थ्य बिमा सेवा बन्द गर्ने तयारी गरेको हो ।

धैरै चर्चा भएको र लोकप्रिय कार्यक्रमका रूपमा प्रस्तुत स्वास्थ्य बिमा कार्यक्रम फेलियर हुँदै गएको छ। यसमा धैरैजसोले सरकारमाथि नै प्रश्न उठाएका छन्। भुक्तानीकै समस्या भएपछि टिचिङ अस्पतालमा त स्वास्थ्य बिमा कार्यक्रम बन्द भइसक्यो। गंगालाल अस्पताल प्रशासनले पनि यो कार्यक्रमलाई निरन्तरता दिन मुस्किल रहेको बताएको छ।

केन्द्रका अनुसार बजेट अभावका कारण स्वास्थ्य बिमा सेवा बन्द गर्ने जानकारी बिमा बोर्ड र स्वास्थ्य मन्त्रालयलाई पठाइसकेको छ ।

शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्रका सूचना अधिकारी सुदीपचन्द्र दाहालले स्वास्थ्य बिमा बन्द गर्नुपर्ने अवस्था आएको बताउँछन् । 'केन्द्रले गाह्रो अवस्थामा मुस्किलले सेवा दिँदै आएको छ,' उनले भने, 'हामीले भुक्तानी नपाएर सेवा बन्द गर्छौं भनेर बिमा बोर्डमा पत्र पठाइसकेका छौं, यस्तै हो भने कुन दिन बन्द हुन्छ ।' बोर्डले कुनै जवाफ नदिएको उनले बताए । 'स्वास्थ्य मन्त्रालयले बिमा ऐन परिमार्जन गरेर छिट्टै नै बिमा रकम भुक्तानी गर्छौं भनेर आश्वासन दिएको छ,' उनले भने, 'आश्वासनले मात्रै अस्पताल चल्दैन ।' विपन्न र बिमित गरेर ३४ करोड रुपैयाँ भुक्तानी लिन बाँकी रहेको सूचना अधिकारी दाहालले बताए ।

लाखौं नागरिकले सेवा लिने अस्पतालले नै यस्तो निर्णय गरेपछि स्वास्थ्य बिमा बोर्डमाथि नै प्रश्न उठेको छ । स्वास्थ्य >>> पृष्ठ २ मा

### वैदेशिक रोजगार विशेष

## युएई पुलिस रिपोर्ट प्रकरण

# अढाइ अर्बको चलखेलले श्रमिकको चर्को शोषण

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३ माघ

युएई भिसा प्रक्रियामा श्रमिकमाथि परेको आर्थिक भार हटाउन परराष्ट्रमन्त्री बालानन्द शर्माको ध्यानाकर्षण गराएको हप्ता दिन बितिसक्दा पनि समस्या समाधान नभएपछि वैदेशिक रोजगार क्षेत्र सशंकित बनेको छ ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले नवनियुक्त परराष्ट्रमन्त्री शर्मालाई बधाई तथा कार्यकाल सफलताको शुभकामना व्यक्त गर्ने क्रममा गत सोमबार युएई जाने कामदारको प्रहरी रिपोर्ट प्रमाणीकरणका नाममा सिर्जित समस्याप्रति गम्भीर ध्यानाकर्षण गराएको थियो ।

संघले जेनजी आन्दोलनपछि रोकिएको युएई भिसा प्रक्रिया नेपाल प्रहरीको असल चालचलन रिपोर्टका आधारमा पुनः सुचारु भएपनि गत डिसेम्बर ४ तारिखपछि >>> पृष्ठ २ मा

### साउदीको हाफर अल-बातिनमा १३ वर्षपछि राहदानी शिविर



**अन्जान गुभाजु/मध्यान्ह**
साउदी अरब, ३ माघ

साउदी अरबको दुर्गम क्षेत्र हाफर अल-बातिनमा करिब १३ वर्षपछि नेपाली नागरिकहरूका लागि राहदानी नवीकरण तथा वितरण शिविर >>> पृष्ठ २ मा

# मानवीय सुरक्षाका लागि नयाँ एकीकृत फ्रेमवर्क तयार गर्दै सरकार

**काठमाडौं/मस–** विश्वव्यापी संकट र बहु-जोखिमका कारण मानवीय सुरक्षा चुनौतीपूर्ण बनेको पृष्ठभूमिमा सरकारले नयाँ एकीकृत फ्रेमवर्क तयार पारेको छ।

जलवायु परिवर्तन, आर्थिक अस्थिरता, महामारी र राजनीतिक द्वन्द्वजस्ता समस्याले नागरिकको जीवन र अधिकारमा असर पुऱ्याइरहेका बेला यस फ्रेमवर्कले व्यक्ति केन्द्रित सुरक्षा सुनिश्चित गर्ने लक्ष्य राखेको छ। युएनडिपीसँगको सहकार्यमा तयार गरिएको फ्रेमवर्कको उद्देश्य भयबाट मुक्ति, अभावबाट मुक्ति र मर्यादित जीवन यापन सुनिश्चित गर्नु हो। युएनडिपीका सहायक आवासीय प्रतिनिधि विजयकुमार सिंहले भने, 'हाम्रो बाँच्न पाउने अधिकारलाई कहिले गलत नीति, कहिले दृष्टिकोण र कहिले विकासका गलत हस्तक्षेपले खण्डित गरिरहेको हुन्छ'। यसलाई हटाउनु नै मानवीय सुरक्षा हो।



जलवायु विज्ञ डा.धर्मराज उप्रेतीका अनुसार जलवायु परिवर्तनले खानेपानीको अभाव, खाद्य असुरक्षा, बसाइँसराइ र स्वास्थ्य संकट निम्त्याइरहेको छ। राजनीतिक अस्थिरतासँग जोडिएका जोखिमहरूले सामाजिक र आर्थिक असुरक्षालाई पनि थप जटिल बनाएका छन्। फ्रेमवर्कले यी सबै जोखिमलाई समग्र रूपमा विश्लेषण गरी नागरिकको जीविकोपार्जनलाई लचिलो, बलियो र दिगो बनाउने मार्गदर्शन प्रदान गर्ने छ।

गृह मन्त्रालयका सह-सचिव कालीप्रसाद पराजुलीले बताए। यो मोडलले 'होल अफ द गभर्मेन्ट' अवधारणाअनुसार संघ, प्रदेश र सात सय ५३ स्थानीय तहमा एकीकृत रूपमा कार्यान्वयनमा जानुपर्नेछ। यसले विपद् व्यवस्थापनको पूर्ण चक्र (प्रि-डिजास्टर, ड्युरीङ, पोस्ट-डिजास्टर) लाई ठोस मार्गदर्शन प्रदान गर्नेछ।

फ्रेमवर्कमा मानवीय सुरक्षाका ९ मुख्य अवयव समावेश छन्। जसमा आर्थिक सुरक्षा, खाद्य सुरक्षा, वातावरणीय सुरक्षा, व्यक्तिगत सुरक्षा, सामुदायिक सुरक्षा, स्वास्थ्य सुरक्षा लगायत रहेका छन्।

सह-सचिव विश्वराज न्यौपानेका अनुसार, 'एउटा अवयवमा काम गर्दा बाँकी आठवटामा उत्पन्न जोखिमलाई पूर्वविश्लेषण गरी न्यूनिकरण गर्न सकिन्छ। यसलाई पूर्ण रूपमा नागरिककेन्द्रित र 'होल अफ द सोसाइटी' अप्रोचमार्फत कार्यान्वयन गरिनेछ।' महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयकी राष्ट्रिय महिला सशक्तीकरण परियोजना प्रमुख अञ्जु ढुंगानाले भनिन्,'विपद् परेको बेला महिला र किशोरीहरूको आवश्यकतालाई अनदेखा गर्नु हुँदैन।

# ७३ जना ज्येष्ठ नागरिकले पाए निःशुल्क आँखाको ज्योति



**पर्वत/मस–** पर्वतको कुश्मामा सञ्चालित निःशुल्क आँखा परीक्षण शिविरमा ५ सय ७४ जनाको परीक्षण गर्दा ७३ जनामा मोतिबिन्दुको समस्या देखिएको छ।

नेपाल नेत्रज्योति संघ, हिमालय आँखा अस्पतालद्वारा लायन्स क्लब अफ हिमालय, कुश्मा र लायन्स क्लब अफ पर्वत अल्पेश्वरसँगका सहकार्यमा गत हप्ता यहाँ दुईदिने निःशुल्क आँखा परीक्षण शिविर सञ्चालन गरिएको थियो।

नेपाल नेत्रज्योति संघ, मिहालय आँखा अस्पतालका बाह्य कार्यक्रम व्यवस्थापक तथा नेत्र अधिकृत सुवास नेपालका अनुसार मोतिबिन्दु देखिएका सबै बिरामीको निःशुल्क शल्यक्रिया गरिएको छ। शिविरमा चश्मा आवश्यक देखिएका बिरामीहरूलाई निःशुल्क चस्मा समेत वितरण गरिएका थियो।

हिमालय आँखा अस्पतालकी नेत्र रोग विषेशज्ञ डा.हरिबिक्रम अधिकारीको नेतृत्वमा रहेको स्वास्थ्यकर्मीहरूको टोली आँखा परीक्षण तथा शल्यक्रिया गरेको थियो। अस्पतालले विभिन्न विकास साझेदारहरूसंगको सहकार्यमा गण्डकी प्रदेश तथा कर्णाली प्रदेशमा निःशुल्क शिबिर सञ्चालन गर्दै आइरहेको छ।

नेपाल नेत्रज्योति संघका महासचिव भरतबहादुर चन्दले 'हाम्रो कर्तव्य, हाम्रो जिम्मेवारी–आँखा सेवामा साझेदारी' भन्ने मूल नाराका साथ सङ्घले विभिन्न निकायहरूसँगको सहकार्यमा अस्पतालको पहुँचभन्दा टाढा रहेका नागरिकलाई लक्षित गरी वार्षिक आँखा शिविर सञ्चालन गर्दै आएको जानकारी दिए।

उनले ग्रामीण क्षेत्रका न्यून आयस्तरका, गरिब तथा विपन्न नागरिकहरू आर्थिक तथा भौगोलिक पहुँचको अभावका कारण स्वास्थ्य समस्या हुँदाहुँदै पनि उपचारबाट वञ्चित हुने अवस्थालाई मध्यनजर गर्दै संघले उनीहरूको घरआँगनमै पुगेर गुणस्तरीय आँखा उपचार सेवा प्रदान गरिरहेको उल्लेख गरे।

यसैगरी, नेपाल नेत्रज्योति संघका कार्यकारी निर्देशक डा.शैलेशकुमार मिश्रका अनुसार संघले हालसम्म देशका ६७ जिल्लामा स्थायी आँखा उपचार संरचना स्थापना गरिसकेको छ भने ७७ वटै जिल्लाका नागरिकलाई आँखा उपचार सेवा प्रदान गर्दै आएको छ। संघले स्थापना कालदेखि सन् २०२४ को अन्त्यसम्म २८ आँखा अस्पताल तथा २ सय २६ आँखा उपचार केन्द्रको सञ्जालमार्फत नेपाली नागरिकसहित विभिन्न देशका गरी कुल ४ करोड ६८ लाख ६८ हजार ६० जनालाई आँखा उपचार सेवा प्रदान गरिएको छ। यस अवधिमा ५३ लाख ९२ हजार २ सय २४ जनाको आँखाको शल्यक्रिया सम्पन्न भइसकेको संघले जनाएको छ।

# बागमतीको पुँजीगत खर्च ९ प्रतिशत

**बागमती/मस–** बागमती प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८२/८३ को ६ महिनाको अवधिमा ८ दशमलव ९९ प्रतिशत मात्र पुँजीगत खर्च गरेको छ।

आर्थिक मामिला तथा योजना मन्त्रालयका अनुसार प्रदेश सरकारले चालु आव २०८२/८३ को साउनदेखि पुससम्ममा कुल बजेटको करिब १४ दशमलव १० प्रतिशत खर्च गरेको छ। जुन अघिल्लो आर्थिक वर्ष २०८१/८२ को तुलनामा २ दशमलव १७ प्रतिशत कम खर्च भएको हो।

आव २०८१/८२ को ६ महिनाको अवधिमा प्रदेश सरकारले कुल बजेटको १६ दशमलव २७ प्रतिशत बजेट खर्च गरेको थियो। प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रालयका अधिकृत केशव भण्डारीका अनुसार चालु आव २०८२/८३ को ६ महिनाको अवधिमा प्रदेश सरकारले चालुतर्फ २२ दशमलव ४८ प्रतिशत र पुँजीगततर्फ ८ दशमलव ९९ प्रतिशत बजेट खर्च गरेको छ।




चालु आव २०८२/८३ का लागि प्रदेश सरकारले ६७ अर्ब ४७ करोड ७३ लाख २७ हजारको बजेट ल्याएकोमा ६ महिना सकिँदा ९ अर्ब ५८ करोड ४ लाख ४५ हजार बजेट खर्च भएको उनले बताए।

विनियोजित बजेटमध्ये सबैभन्दा बढी प्रदेश लोकसेवा आयोगले ३६ दशमलव ३५ प्रतिशत, मुख्य न्यायाधीवक्ताको कार्यालयले ३० दशमलव ८० प्रतिशत, प्रदेशसभा सचिवालयले २९ दशमलव ३५ प्रतिशत, श्रम रोजगार तथा यातायात मन्त्रालयले २८ दशमलव १० प्रतिशत, स्वास्थ्य मन्त्रालयले २६ दशमलव ४३ प्रतिशत, आर्थिक मामिला तथा योजना मन्त्रालयले २५ दशमलव ९१ प्रतिशत बजेट खर्च गरेको छ भने सबैभन्दा कम संस्कृति तथा पर्यटन मन्त्रालयले २ दशमलव ३० प्रतिशत बजेट खर्च गरेको मन्त्रालयले जनाएको छ। गत भदौ २३ र २४ मा भएको जेनजी आन्दोलनका कारण प्रदेश सरकारका संरचना क्षतिग्रस्त भएको, प्रदेश सरकारका निकायले राम्ररी काम गर्न नसकेको र बजेट कार्यान्वय हुन सक्दा प्रदेश सरकारको खर्च कम देखिएको अधिकृत भण्डारीले बताए।

## प्राथमिकतामा...

शुक्रबारदेखि नै टिकट बाँड्न सुरु गरेको हुँ,' शनिबार चितवनको भरतपुर महानगरपालिकाको नयाँ प्रमुख प्रशासकीय भवनको उद्घाटन गर्दै प्रचण्डले भने।

शनिबार नेकपा एमालेको सचिवालय बठक बस्यो र उम्मेदवारहरूबारे छलफल गऱ्यो। टिकट वितरणको अधिकार अध्यक्ष केपी शर्मा ओलीलाई छ। उनी अब धमाधम टिकट दिने कार्यमा सक्रिय हुँदै छन्। तय भएका उम्मेदवारलाई टिकट दिने र निर्वाचन क्षेत्र पठाउने एमालेको नीति छ।

२१ फागुनमा हुने निर्वाचनका लागि समानुपातिकतर्फ मनोनयन दर्ता भइसकेको छ। प्रत्यक्षतर्फको मनोनयन यही माघ ६ गतेका लागि तय भएको छ। त्यसअगावै उम्मेदवार टुंगो लगाएर निर्वाचन क्षेत्र पठाउने नीतिअन्तर्गत एमालेले काम गरिरहेको छ।

नेपाली कांग्रेस चुनावी रणनीति बनाउँदै छ। खासगरी पार्टीको आधिकारिता विवाद निर्वाचन आयोगबाट टुंग्यो लगाएसँगै कांग्रेसमा टिकट वितरणको अधिकार सभापति गगनकुमार थापाले पाएका छन्। यसअघि शेरबहादुर देउवाले टिकट वितरणको तयारी गर्दै थिए। गगन थापासहितको नेतृत्वमा भएको विशेष महाधिवेशनले आधिकारिता पाएपछि उपसभापति विश्वप्रकाश शर्मासहितको टिम चुनावी रणनीति बनाउन लागिपरेको छ। रणनीतिअनुसार टिकट वितरण गर्ने, पार्टीभित्रको असन्तुष्टि मिलाउने र चुनावमा पहिलो दल हुने ध्याउन्नमा रहेको कांग्रेसका नेता बताउँछन्।

शनिबार बसेको केन्द्रीय समितिको बैठकले अन्य दलसँग चुनावी गठबन्धन नगर्ने निर्णय नै गरेको छ। बैठकपछि पार्टीका प्रवक्ता देवराज चालिसेले पत्रकारहरूसँग भने, 'कुनै पनि अप्राकृतिक गठबन्धन वा सत्ता केन्द्रित सम्झौता नगर्ने, संविधानको रक्षा र नवयुवाको आकांक्षा सम्बोधन गर्ने निर्णय भएको छ।'

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) चुनावी मैदानमा उत्रिसकेको छ। कुन क्षेत्रमा पार्टीको कस्तो प्रभाव छ भनेर सुषुप्त अध्ययनमा रहेको रास्वपा नेताहरू सोहीअनुसार उम्मेदवार तय गर्दै छन्। फिल्डमा अध्ययन टोली खटिएको छ र अध्ययन टोलीको राय/सुझावसमेतका आधारमा सभापति रवि लामिछानेसहितका केन्द्रीय पदाधिकारी उम्मेदवार छनोटमा लागेका छन्।

नेताहरूका अनुसार सबै पार्टीबाट यसपटक युवा उम्मेदवार प्राथमिकतामा परेका छन्। गत २३ र २४ भदौमा भएको जेनजी आन्दोलनको प्रभाव र पार्टीमा समेत युवाको बढ्दो हस्तक्षेपले नवयुवालाई उम्मेदवार बन्न सहज बनाइदिएको छ।

## फेलियर...

बिमा बोर्डले देशभरका अस्पताललाई बिमा रकमबाफतको झन्डै १३ अर्ब रुपैयाँ भुक्तानी गर्नुपर्ने बाँकी छ।

सरकारबाट आउने अनुदान न्यून भएको कारण अस्पतालमा स्वास्थ्य बिमा सेवाबारे समस्या भएको बोर्डका जनस्वास्थ्य अधिकृत एवं सूचना अधिकारी विकेश मल्ल बताउँछन्। सरकारले चालु आर्थिक वर्षका लागि छुट्याएको बजेट सबै खर्च भइसकेको र त्यसपछि पनि दाबी भुक्तानी निरन्तर बढ्दै गएकाले समस्या देखिएको उनको भनाइ छ।

स्वास्थ्य बिमा सेवा बन्द गरेका र गर्ने तयारीमा रहेका अस्पतालले गलत कार्य गरेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकी बताउँछन्। 'अस्पतालमा बिमा रकमको समस्या छ भने बिमा बोर्डसँग समन्वय गर्नुपर्‍यो, छलफल गर्नुपर्‍यो,' उनले भने, 'एउटा सूचनाको भरमा आफूखुसी सेवा बन्द गर्न मिल्छ ?' स्वास्थ्य बिमा सेवाबारे स्वास्थ्य मन्त्रालय र बिमा बोर्डबीच छलफल भइरहेको र निकास निकाल्ने प्रक्रियामा रहेको उनले बताए। 'कस्ताकस्ता समस्याको त वार्ताबाट समाधान हुन्छ,' उनले भने, 'सेवा प्रदायकबीच समाधान हुँदैन ?' स्वास्थ्य बिमा सेवाका सहजताका लागि ऐन परिमाजर्नबारे क्याबिनेटमा पेस गर्न लागिएको उनले बताए।

देशभर ५ सय १० वटा अस्पताल स्वास्थ्य बिमा बोर्डसँग आबद्ध छन्। जसबाट १ करोड नागरिकले स्वास्थ्य बिमाको सेवा लिन्छन्। दैनिक ५० हजारले जनाले स्वास्थ्य बिमामार्फत सेवा लिने गरेको बोर्डले जनाएको छ। बोर्डका अनुसार एक महिनाको अवधिमा साढे २ अर्बबराबरको बिमितहरूले सेवा लिन्छन्।

सरकारले ७७ वटै जिल्लामा स्वास्थ्य बिमा कार्यक्रम लागू गरेको छ। २०७२ सालमा गठन भएको स्वास्थ्य बिमा बोर्डले ७७ वटै जिल्लामा स्वास्थ्य बिमा कार्यक्रम लागू गरेको हो।

बिमा कार्यक्रममार्फत पाँच जनासम्मको परिवारको ३ हजार ५ सय रुपैयाँ बुझाएपछि त्यस घरमा रहेका सदस्यले एक लाख रुपैयाँबराबरको औषधि उपचार सरकारले तोकेको अस्पतालमा गराउन सक्नेछन्।

पाँच जनाभन्दा बढी सदस्य भएपछि प्रतिसदस्य ७ सयका दरले बिमा रकम थप गर्नुपर्नेछ। पाँच जनाभन्दा बढी सदस्यले प्रतिसदस्य २० हजारदेखि २ लाख रुपैयाँसम्म निःशुल्क उपचार गर्न पाउने व्यवस्था छ।

## जवाफ...

कांग्रेस चुनावको मुखमै दुई धारमा विभाजित भएको छ। विशेष महाधिवेशनको औचित्य समाप्त भएको निर्णयसहित महाधिवेशनलाई अस्वीकार गरेको कांग्रेसको ठुलो तप्का गगनभन्दा टाढा छ। थापाको नेतृत्वमा नयाँ केन्द्रीय समिति चयन गरेसँगै निवर्तमान सभापति बनेका शेरबहादुर देउवा र उनको समूहका अधिकांश नेता अदालतको ढोका ढकढक्याउने तयारीमा छन्।

विधानमा भएको व्यवस्थालाई उपयोग गर्दै ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिले बोलाएको विशेष महाधिवेशनमा ५७ प्रतिशतभन्दा बढी महाधिवेशन प्रतिनिधि सहभागी थिए। उनीहरूले कांग्रेसको नीति र नेतृत्व बदलेको नेताहरू बताउँछन्। सोही आधारमा निर्वाचन आयोगले समेत थापा नेतृत्वको केन्द्रीय समितिलाई नै कांग्रेसको आधिकारिक चुनाव चिह्न रुख र चारतारे झन्डा दिएको छ। तर तत्कालीन संस्थापन पक्ष सो निर्णयविरुद्ध आइतबार सर्वोच्च जाने तयारीमा रहेको नेताहरूले बताएका छन्। नेता पूर्णबहादुर खड्काले निर्वाचन आयोगले गगन थापा नेतृत्वलाई मान्यता दिएसँगै रुष्ट छ। तत्कालीन कार्यवाहक सभापतिसमेत रहेका खड्काले निर्वाचन आयोगको निर्णयप्रति आपत्ति जनाउँदै राजनीतिक र कानुनी सबैखालका लडाइँ लड्ने बताएका छन्। यसैबीच तत्कालीन सभापति शेरबहादुर देउवा पक्षको शनिबार बसेको बैठकले गगन थापा नेतृत्वको कार्यसमितिलाई निर्वाचन आयोगले आधिकारिकता दिनु मुलुकमा लोकतान्त्रिक व्यवस्थालाई दुर्घटनामा पार्ने षड्यन्त्र भएको निष्कर्ष निकालेको छ। सो समूहका तत्कालीन केन्द्रीय समितिका करिब ७० प्रतिशत नेताहरू छन्। पार्टी ४०/५० वर्षसम्म लगानी गरेका नेताहरूको समूह त्यही छ। आफ्नो समूहको निर्णय सार्वजनिक गरेका नेताहरूले विशेष महाधिवेशनका नाममा गरिएको भेलाको औचित्य, वैधानिकता, उपस्थित संख्यासमेत नहेरी एकलौटी रूपले गरिएको निर्णय दूषित मनसायले प्रेरित रहेको निष्कर्ष निकालेको तत्कालीन पार्टी प्रवक्ता डा. प्रकाश शरण महतले बताए। 'निर्वाचन आयोगको दुराशयपूर्ण निर्णयको कडा विरोध गर्दै यो बैठक उक्त निर्णयविरुद्ध संवैधानिक एवं कानुनी उपचार तथा राजनीतिक प्रतिवाद गर्ने निर्णय गरेका छौं।'

आयोगको निर्णयविरुद्ध सर्वोच्च अदालतमा मुद्दा मामिला एवं अन्य कानुनी काम कारबाही गर्न कार्यवाहक सभापति खड्कालाई अख्तियारी दिने निर्णय गरेको छ। गगन थापा आफैं भावी प्रधानमन्त्रीको घोषणासहित प्रतिनिधि सभामा होमिँदै छन्। उपसभापति विश्वप्रकाश शर्माले उनलाई विशेष महाधिवेशनकै हलबाट सभापतिसहित भावी प्रधानमन्त्रीको घोषणा नै गरिसकेका थिए। त्यसैबीच तत्कालीन संस्थापन पक्षका नेतासँगको छलफलमा पनि थापालाई भावी प्रधानमन्त्री घोषणा गरेर जानुपर्ने एउटा बुँदा थियो।

यद्यपि संस्थापन पक्षले त्यसलाई नमान्दा संवादबाट निकास निस्किएन। अन्ततः विशेष महाधिवेशनको हलले कांग्रेसको नीति र नेतृत्व परिवर्तन गरेरै छाड्यो। थापा जसरी पार्टी नेतृत्वमा पुगेका छन्, त्यसभन्दा कठिन पार्टीको आन्तरिक झगडा मिलाएर आमचुनाव जित्नुपर्ने हुनेछ। अझै पूर्णबहादुर खड्का समूह कानुनी लडाइँका लागि अदालत गएपछि अदालतको निर्णयको सामना गर्नुपर्ने चुनौती गगनमाथि छ। त्यसभन्दा अघि नै थापाले खड्का समूहलाई कानुनी बाटोमा नजाने गरी मूल पार्टीमा फर्काउनुपर्ने दायित्व पनि छ। किनकि उनी हिजो प्रश्न गर्ने ठाउँमा थिए। आज उत्तर दिने ठाउँमा आइपुगेका छन्। हिजो पार्टी सही ढंगले चलेन, कार्यकर्तालाई पक्षपात व्यवहार भयो भनेर नेतृत्वमाथि प्रश्न गरिरहन्थे। नीति मिलेन, थिति मिलेन, नेताहरूका गति र मति दुवै ठिक भएनन् भनेर देउवालाई निरन्तर प्रश्नमाथि प्रश्न गर्ने थापा आज त्यही कुर्सीमा बसेर के निर्णय लिन्छन् ? दुवै पक्षका नेता कार्यकर्ताप्रतिको सम्मानपूर्ण जिम्मेवारी कसरी वितरण गर्छन् ? यो प्रश्नको सही उत्तर दिनुपर्ने ठाउँमा गगन पुगेका छन्।

अत्यन्त कठिन परिस्थितिबीच पार्टी सभापति बनेका गगन र उनको टिमले डेढ महिनभित्रै प्रतिनिधि सभाको निर्वाचनको सामना गर्नु छ। सँगै पार्टीका २० वर्षदेखि ८० वर्षको उमेर समूहका नेता कार्यकर्ताको भावनालाई एउटै मालामा उनेर सग्लो कांग्रेस लिएर हिँड्नुपर्ने सबैभन्दा ठुलो चुनौती गगनसामु छ। भू-राजनीतिक प्रभावले घेरेको नेपाललाई सबै मुलुकसँग राजनीतिक र कूटनीतिक सहकार्यमा सन्तुलन कायमा राख्नुपर्ने उनीमाथि चुनौती छ। पार्टीले कसैसँग सहकार्य नगरी चुनाव लड्ने तयारी गरेका थापासामु पार्टीका बहुसंख्यक उम्मेदवारलाई जिताउनुपर्नेछ। यदि पार्टीले हार बेहोरेमा उनीमाथि कार्यकर्ताले थप प्रश्न तेर्स्याउने नै छन्। उनी नेतृत्वको केन्द्रीय समितिले उल्लेख चुनौती कसरी सामना गर्छ र पार्टीलाई एकढिक्का राख्छ हेर्न बाँकी छ।

## सत्ताकेन्द्रित...

बैठकले निर्वाचन आयोगको निर्णयलाई कसैको हारजित नभई विधि र लोकतन्त्रको विजयका रूपमा व्याख्या गरेको छ। बैठकले देउवाले लामो समयदेखि पार्टी नेतृत्वमा रहेर पुऱ्याएको योगदानप्रति धन्यवाद ज्ञापन गर्दै आगामी दिनमा अभिभावकीय भूमिका प्राप्त हुने विश्वास व्यक्त गरेको पार्टी प्रवक्ता देवराज चालिसेले बताए।

त्यस्तै, फागुन २१ गते हुने निर्वाचनमा नवीन ऊर्जा र पूर्ण एकताका साथ सहभागी हुन सबै तहका समिति र भ्रातृ संस्थाहरूलाई आह्वान गरेको छ। यसलाई 'रूपान्तरण, एकता र विजयको नयाँ अध्याय' रूपमा हेर्दै विभिन्न कारणले पार्टीबाट निष्क्रिय रहेका वा पार्टी छाडेका सबैलाई पुनः जोडिन आग्रह गरेको छ।

प्रवक्ता चालिसेले टिकट वितरणलगायतका सन्दर्भमा हिजोजस्तो अवस्था नरहने बताएका छन्। देउवा समूहका नेताहरू अदालत जाने तयारी भइरहेको सन्दर्भमा प्रवक्ता चालिसेले भने, 'असहमति हुन्छन् तर यो पार्टी सबैको हो। असहमत मतको रक्षा पार्टीले गर्छ। हिजोका घटनाका आधारमा कुनै आग्रह र पूर्वाग्रह पार्टीले राख्दैन। विगतमा टिकट वितरणमा अन्याय पार्टीले कसैलाई गर्दैन।'

## अढाई...

व्यवसायीले नाम नछाप्ने सर्तमा भने, 'छलफलमा परराष्ट्रमन्त्रीबाट गम्भीरता प्रकट भएअनुसार परिणाम नआउँदा सिन्डिकेट खडा गर्ने तत्व परराष्ट्र मन्त्रालयका उच्च कर्मचारीमार्फत चलखेलमा लागेको आभास भएको छ।'

गत ४ डिसेम्बरपछि कुनै औपचारिक जानकारी बिना नेपालस्थित युएई दूतावासबाट प्रहरी रिपोर्ट प्रमाणीकरण गराउनुपर्ने व्यवस्था गरिएको थियो। वैदेशिक रोजगारमा युएई जाने नेपाली श्रमिकलाई नेपालस्थित युएईको दूतावासबाट प्रहरी रिपोर्ट प्रमाणीकरण गराउँदा १४ हजार २ सय अतिरिक्त शुल्क तिर्नुपर्छ।

गत वर्ष १ लाख ७७ हजार जना नेपाली कामदार युएई गएका थिए। उक्त तथ्यांकले एक वर्षमा प्रहरी रिपोर्ट प्रमाणीकरण गराउन कामदारको २ अर्ब ५१ करोड ३४ लाख रुपैयाँ खर्च हुने देखिएको छ। त्यसैले तत्कालै युएई सरकार वा नेपालस्थित युएई दूतावाससँग उच्चस्तरीय कूटनीतिक पहल गरी समस्या समाधान गरिनुपर्ने संघको माग छ।

२०७१ सालमा पनि प्रहरी रिपोर्ट दूतावासबाट प्रमाणीकरण गराउने प्रयास भएको, तर व्यवसायी तथा सबै पक्षको विरोधले त्यो प्रयास असफल भएको थियो। अहिले पनि त्यस्तै प्रयास भएको आशंका गरिएको भन्दै व्यवसायीहरूले अनुचित शुल्क हटाउने विषयमा परराष्ट्र मन्त्रालयले गम्भीरताका साथ काम गर्नुपर्ने माग गरेका छन्।

युएईले प्रमाणित गरेको प्रहरी रिपोर्टले अन्य देशमा रोजगारीमा जान नमिल्ने, भिएफएसमार्फत प्रमाणीकरण भएको रिपोर्टमा ३ महिनाभित्र भिसा नआएको अवस्थामा पुनः १४ हजार २ सय तिर्नुपर्ने, प्रमाणीकरण गर्न कामदार आफैं भिएफएसमा उपस्थित भएर निवेदन दिनुपर्ने र रिपोर्ट प्रमाणीकरण गर्न ३ हप्तासम्म पर्खिनु पर्दा कामदारको ५० हजारसम्म खर्च हुने गरेको छ।

शून्य लागतमा कामदार पठाउने नीति लिएको सरकारले बिना कारण बढाइएको १४ हजार २ सय शुल्कबारे नेपालका लागि युएईका राजदूतलाई समेत बोलाएर छलफल नगर्नुले परराष्ट्र मन्त्रालयमा राजनीतिक भन्दा प्रशासनिक नेतृत्व हाबी भएको पुनः पुष्टि भएको कतिपयको टिप्पणी छ। नेपाल प्रहरीले जारी गरेको क्युआर कोडसहितको प्रमाणपत्र (पिपिसी)लाई कन्सुलर विभागबाट प्रमाणीकरण गरेपछि पुनः नेपालस्थित युएई दूतावासबाट प्रमाणीकरण गर्दा कामदारको ठुलो रकमसहित समयको अनावश्यक बर्बादी भएको बताएको थियो।

अनावश्यक र अनुत्पादक रूपमा कामदारको लागत बढेको संघको गुनासो सुनेर गम्भीर बनेका परराष्ट्रमन्त्री शर्माले आफू समस्याबारे जानकार रहेको र संघले उठाएका समस्या समाधानका लागि श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्रीसँग छलफल गरेर सकेसम्म छिटो निकास दिने बताएका थिए।

संघका महासचिव महेशकुमार बस्नेतले संघको प्रतिनिधिमण्डलसँग परराष्ट्रमन्त्री शर्माले देखाएको गम्भीरताअनुसार परिणाम नआउँदा धेरै व्यवसायी चिन्तित बनेको बताए। भेटमा सहभागी

## साउदीको...

आयोजना गरिएको छ। साउदीको रियादस्थित नेपाली दूतावासको प्राविधिक सहयोग र एनआरएनए साउदीको समन्वयमा शुक्रबार आयोजित उक्त शिविरमार्फत ९८ जना नेपालीको राहदानी नवीकरण भएको छ भने ४ जनाको 'एक्जिट' प्रक्रियासमेत दूतावासका कर्मचारीहरूले सम्पन्न गरेका छन्।

लामो समयदेखि राहदानीको म्याद सकिएर पनि भौगोलिक दूरी र विभिन्न समस्याका कारण रियादसम्म जान असमर्थ रहेका नेपालीहरूलाई यो शिविरले ठुलो राहत प्रदान गरेको छ।

शिविरको आयोजनामा नेपाली साझा मञ्च साउदीका उपाध्यक्ष राजु केसीको निरन्तर पहल र समन्वय रहेको थियो। करिब ८ महिनाअघि दमामबाट हाफर अल-बातिन स्थानान्तरण भएका केसीले यहाँका नेपालीहरूको अवस्था देखेर उनीहरूको सेवा र हकहितका लागि एनआरएनए आरसिसी हाफर अल-बातिन गठन गरेका थिए। आरसिसी गठनको प्रक्रियामा कुमारी बैंकको योगदान रहेको छ, जसमा बैंकका कन्ट्री हेड होमराज बास्तोला र गल्फ हेड राम लामाले १५ दिनसम्म स्थानीय क्षेत्रमै बसेर नेपाली समुदायलाई एकत्रित गर्न भूमिका निर्वाह गरेका थिए। सोही अभियानको जगमा करिब तीन सय नेपालीको सहभागितामा समिति गठन भई यो शिविरसम्मको यात्रा तय भएको हो।

शिविरमा एनआरएनए मध्यपूर्व कमिटी संयोजक राजेन्द्र अर्याल, एनसिसी साउदीका अध्यक्ष उमेश भट्टराई र कुमारी रेमिटका होमराज बास्तोलालगायत हाफर अल-बातिन टिमको उपस्थिति रहेको थियो। सेवा लिन आएका नेपालीहरूका लागि आयोजकले चिया, कफी, खाजा र खानाको समेत विशेष व्यवस्था गरेको थियो।दूतावासका प्रतिनिधिहरूले समेत कुनै पनि राहदानी शिविरमा यसरी खानपानको व्यवस्था गरिएको यो पहिलो अनुभव रहेको भन्दै आयोजकको प्रशंसा गरेका छन्। दुर्गममा रहेका नेपालीहरूलाई लक्षित गरी आयोजना गरिएको यस कार्यक्रमले राज्य र समुदायबीचको सहकार्यलाई थप मजबुत बनाएको स्थानीय नेपालीहरूले बताएका छन्।

# राष्ट्रिय सभाको अधिवेशन आजदेखि



**काठमाडौं/मस–** राष्ट्रियसभाको १९औं अधिवेशन यही आजदेखि सुरु हुँदैछ । नयाँ वानेश्वरस्थित अन्तरराष्ट्रिय सम्मेलन केन्द्रमा रहेको संसद् भवन जेनजी आन्दोलनका क्रममा जलेर ध्वस्त भएकाले संघीय संसद् सचिवालय, सिंहदरबारमा अधिवेशन सञ्चालन हुनेछ ।

अधिवेशनको तयारीका लागि अध्यक्ष नारायणप्रसाद दाहालले शुक्रबार कार्यव्यवस्था परामर्श समितिको बैठक आह्वान गरेका थिए । अधिवेशनको पहिलो बैठकमा अध्यक्ष दाहालले राष्ट्रपतिबाट अधिवेशन आह्वानको पत्र पढेर सुनाउने र हालै निधन हुनुभएका नेपाली कांग्रेसका सांसद बलदेव बोहराप्रति शोकप्रस्ताव प्रस्तुत गर्ने कार्यसूची रहेको छ ।

संसद् सचिवालयका प्रवक्ता एकराम गिरीले अधिवेशनको सबै तयारी पूरा भएको जानकारी दिए । राष्ट्रपति रामचन्द्र पौडेलले नेपालले संविधानको धारा ९३ को उपधारा (१) बमोजिम नेपाल सरकार, मन्त्रिपरिषद्को गत पुस २८ गतेको सिफारिसमा यही माघ ४ गते आइतबारका दिन ११:०० बजे राष्ट्रियसभाको अधिवेशन आह्वान गरेका थिए । गत भदौ ३१ गते राष्ट्रियसभाको १८औं अधिवेशन अन्त्य भएको थियो ।

राष्ट्रियसभामा उत्पत्ति भएका सात विधेयकमध्ये अभौतिक सांस्कृतिक सम्पदा (संरक्षण) विधेयक, २०८१ मा सैद्धान्तिक छलफल भइसकेको छ भने राष्ट्रिय विधि विज्ञान प्रयोगशाला (स्थापना र सञ्चालन) विधेयक, २०८१ माथि विधायन समितिको प्रतिवेदन सभामा पेस भइसकेको छ ।

यसैगरी हाल सभामातहतको विधायन समितिमा विचाराधीन रहेका विधेयकमा पर्यटन विधेयक, २०८१, चलचित्र विधेयक, २०८१ र सामाजिक सञ्जाल विधेयक, २०८१ छन् ।

राष्ट्रियसभाबाट पारित भइ प्रतिनिधिसभाबाट सन्देशसहित पठाइएका सात विधेयक प्रतिनिधिसभा विघटन भएका कारण निस्क्रिय भएका छन् ।

ती विधेयकमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग (तेस्रो संशोधन) विधेयक, २०७६, राष्ट्रिय मर्यादासम्बन्धी विधेयक, २०७९, मिडिया काउन्सिल विधेयक, २०८०, नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षतासम्बन्धी विधेयक, २०८१, नेपाल कानुन व्यवसायी परिषद् (दोस्रो संशोधन) विधेयक २०८१, तिलगङ्गा नेत्र विश्वविद्यालय विधेयक २०८१ र पानीजहाज (सञ्चालन तथा व्यवस्थापन विधेयक २०८१ रहेका छन् । प्रतिनिधिसभामा उत्पत्ति भई राष्ट्रिय सभाबाट सन्देशसहित प्रतिनिधिसभामा फिर्ता पठाइएका जलस्रोत विधेयक २०८१, सङ्घीय निजामति सेवा विधेयक २०८० पनि निस्कृय भएको छ । दुवै सभाबाट पारित भई प्रमाणीकरणका लागि गएको तर राष्ट्रपति पुनःविचारका लागि प्रतिनिधिसभामा फिर्ता पठाइएको संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि सम्बन्धी (पहिलो संशोधन विधेयक २०७९ पनि निस्कृय हुन पुगेको छ । वैकल्पिक विकास वित्त परिचालन विधेयक २०८१ र भूमिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक २०८२ विधेयक पनि निस्कृय भएका छन् ।

राष्ट्रिय सभामा आगामी फागुन २० गतेदेखि रिक्त हुने २० सदस्यमध्ये १९ सदस्यका लागि यही माघ ११ गते निर्वाचन हुँदैछ भने एक सदस्य राष्ट्रपतिबाट मनोनयन हुनेछन् । राष्ट्रियसभा सदस्य निर्वाचनका लागि उम्मेदवारको मनोनयन भइसकेको छ भने सात प्रदेशमा निर्वाचन अधिकृतको कार्यालय स्थापना भई कार्यारम्भ भइसकेको छ ।

उक्त निर्वाचनमा प्रदेश सभा सदस्य, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख मतदाता हुने कानुनी व्यवस्था छ ।

सो बमोजिम निर्वाचन आयोगबाट प्रदेश सभा सदस्य ५ सय ४५ र गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख एक हजार ४ सय ९८ गरी दुई हजार ४३ जना रहेको मतदाता नामावली स्वीकृत भएको छ । ती मतदातामध्ये प्रदेश सभाका सदस्यको मतभार ५३ र गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुखको मतभार १९ रहेको छ । स्वीकृत नामावलीमा प्रदेश सभा सदस्यमध्ये अदालतको आदेश बमोजिम पदमुक्त भएका एक र निलम्बनमा परेका चार गरी पाँच प्रदेश सभा सदस्य तथा स्थानीय तहका पदाधिकारीमध्ये निधन भएका एक र निलम्बनमा रहेका सात आठ जना स्थानीय तहका पदाधिकारीको नाम मतदाता नामावलीमा समावेश गरिएको छैन ।

दुई सदनात्मक संसदीय व्यवस्था रहेको नेपालको संविधानबमोजिम राष्ट्रियसभाले विज्ञ सेवा प्रदान गर्ने, कानून बनाउने, सरकारलाई उत्तरदायी बनाउने नियमन र निर्देशन गर्ने, संसदीय सुनुवाई गर्ने मुख्य कार्य गर्दै आएको छ । गत भदौ २७ गते प्रतिनिधिसभाको विघटन भई आगामी फागुन २१ गतेका लागि निर्वाचनको मिति तोकिएको सन्दर्भमा राष्ट्रियसभा एक्लैले विधेयक तर्जुमा गरे पनि तल्लो सदनको तत्काल अभाव हुने भएकाले कानुन निर्माण या संशोधनका प्रक्रियाले हाल मूर्त रूपमा पाउने स्थिति भने देखिँदैन ।

यसैबीच, निर्वाचन आयोगले यही माघ ११ गते राष्ट्रियसभाको १९ सदस्यका लागि निर्वाचनको तयारी पनि गरेको छ । राष्ट्रियसभा सदस्यमा एकजना निर्विरोध निर्वाचित भइसकेका आयोगले जनाएको छ ।

# भावी सरकारमा पनि मिडियाकर्मीको प्रतिनिधित्व हुनुपर्छ : सञ्चारमन्त्री




**ललितपुर/मस–** सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले भावी सरकारमा पनि मिडियाकर्मीको प्रतिनिधित्व हुनुपर्ने बताएका छन् ।

नेपाल पत्रकार महासंघ एसोसिएट प्रदेशको आयोजनामा शनिबार ललितपुरको महालक्ष्मीस्थानमा भएको दोस्रो राष्ट्रिय सम्मेलनमा उनले सञ्चारकर्मीहरू हरेक क्षेत्रमा निपुण भएकाले अब बन्ने सरकारका पनि उनीहरूको प्रतिनिधित्व हुनुपर्ने बताए ।

पत्रकारले देश, समाज र राजनीतिका बारेमा सबै कुरा बुझेकाले राज्य सञ्चालन गर्न सञ्चारकर्मीलाई कठिन नहुने विचार व्यक्त गर्दै भने, 'म पनि २५ वर्ष पत्रकारिता गरेको व्यक्ति हुँ, जेनजी आन्दोलनको बलमा आकस्मिक रुपमा मन्त्री भएको हुँ, राजनीतिलाई पेसा बनाउनेले मात्रै राजनीति गर्नपर्छ भन्ने भाष्य चिरिएको छ, जेनजी जनआन्दोलनले पत्रकारितालाई गरेको सम्मानका कारण म मन्त्री भएको हुँ, देशका १४ हजारभन्दा बढी पत्रकारमध्ये धेरैमा राष्ट्रको नेतृत्व गर्ने क्षमता छ ।'

मन्त्री खरेलले जेनजी आन्दोलनको बलमा गठन भएको वर्तमान सरकारले चार महिनामा जनपक्षीय काम मात्र गरेको बताउँदै आगामी फागुन २१ गते हुने निर्वाचनलाई सफल पार्न समाजका हरेक वर्गबाट सहयोग हुनुपर्नेमा जोड दिए ।

'हामी सबै निर्वाचनमा होमिँदैछौं, यसलाई सफल पार्न पत्रकारिता क्षेत्रबाट अझ सशक्त भूमिकाको अपेक्षा हामीले गरेका छौं,'उनले भने ।

मन्त्री खरेलले जेनजी आन्दोलनको मर्म परिवर्तन भएको दोहोऱ्याउँदै आम निर्वाचनलाई सफल पार्न समाजका हरेक वर्गबाट सक्रिय भूमिका निर्वाह हुनुपर्नेमा जोड दिए । नेपाल पत्रकार महासंघकी अध्यक्ष निर्मला शर्माले श्रमजीवी पत्रकारहरूको हकहितका खातिर महासंघ क्रियाशील रहेको बताइन् । साथै उनले अभिव्यक्ति स्वतन्त्रता र लोकतन्त्रको रक्षाका लागि पनि महासंघ सक्रिय रहेको बताइन् ।

चलचित्र पत्रकार संघका अध्यक्ष बैकुण्ठराज पराजुलीले मूलधारका मिडियामा कार्यरत श्रमजीवी पत्रकारहरूको हकहितका लागि सबै पत्रकार एकजुट हुनुपर्नेमा जोड दिए ।

# विद्यमान राजनीतिक समस्या समाधान गर्न निर्वाचनको विकल्प छैन : संयोजक दाहाल




**काठमाडौं/मस–** नेपाली कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले मुलुकमा विद्यमान राजनीतिक समस्या समाधान गर्न निर्वाचनको विकल्प नरहेको बताएका छन् । केन्द्रीय कार्यालयमा आयोजित पार्टी प्रवेश कार्यक्रममा उनले राजनीतिक दलहरू निर्वाचनका लागि सम्पूर्ण रूपमा तयार हुनुपर्ने बताउँदै संसद् पुनःस्थापनाको पछाडि नलाग्न जोड दिए ।

निष्पक्ष र भयरहित वातावरणमा चुनाव सम्पन्न गर्न सरकारलाई आग्रह गर्दै पूर्वप्रधानमन्त्री दाहालले देशमा विद्यमान राजनीतिक अस्थिरता र अन्योलता समाधान गरी सुशासन कायम गर्नुपर्ने विचार व्यक्त गरे । उनले समान वैचारिक दृष्टिकोण रहेका बाम शक्तिबीच ध्रुवीकरण प्रारम्भ भएको बताउँदै केही दिनभित्र अन्य पार्टीसँग पनि एकता गरिने जानकारी दिए ।

सहसंयोजक माधवकुमार नेपालले पार्टीको राजनीतिक दर्शनमा समाजवादी कार्यक्रम प्रष्ट रहेकाले जनताको भरोसा तथा विश्वास बढेको बताए । पूर्वप्रधानमन्त्री नेपालले राजनीतिक विचार र सिद्धान्त मिलेका दल एकीकृत गर्दै वामपन्थी ध्रुवीकरणलाई अगाडि बढाइने उल्लेख गरे ।

कार्यक्रममा जनता समाजवादी पार्टी (जसपा) नेपालका केन्द्रीय उपाध्यक्ष विद्युत् बज्राचार्य नेतृत्वको टोलीलाई नेकपामा स्वागत गरिएको थियो ।

# निर्वाचन सामग्री आपूर्तिका लागि आयोगमा १३ सेवाप्रदायक संस्था सूचीकृत



**काठमाडौं/मस–** निर्वाचन आयोगले हिमाली तथा उच्च हिमाली क्षेत्रमा मतपत्रलगायतका सामग्री ढुवानीका लागि विभिन्न १३ व्यवसायीक संस्था सूचीकरण गरेको छ ।

आगामी फागुन २१ गतेका लागि तय भएको प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि आवश्यक निर्वाचन सामग्री, मतपत्र तथा अन्य अत्यावश्यक सामग्री ढुवानीका लागि कुरियर सेवातर्फ दुई वटा फर्म छनौट गरेको हो । आयोगका अनुसार, यसरी छनोट भएका व्यवसायीक फर्ममा साझा कुरियर एण्ड कार्गो र ट्रान्स एयर इन्टरनेशनल लजिष्टिक प्रालि रहेका छन् । आयोगले हेलिकोप्टर सेवातर्फ पनि फर्म वा कम्पनीलाई सूचीकृत हुन आग्रह गरेको भएपनि कुनै पनि फर्मले दर्ता गराएका छैनन् ।

यस्तै, ट्रक तथा कन्टेनर सेवा उपलब्ध गराउनका लागि ११ वटा फर्म सूचीकरण भएका छन् । आयोगका अनुसार यसरी दर्ता भएका सेवा प्रदायकमा हिमालयन कार्गो लजिष्टिक, वासुकी ट्रान्सपोर्ट, चितवन रोडवेज क्यारियर, न्यू भैरव ट्रान्सपोर्ट, अदिति ट्रान्सपोर्ट छन् ।

यस्तै, ओम ट्रान्सपोर्ट, हरहर महादेव ढुवानी सेवा, देउती बज्यै कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रालि, कृष्ण ट्रान्सपोर्ट, धवलागिरि कालिका कन्स्ट्रक्सन एण्ड सप्लायर्स र एयर मनकामना कुरियर एण्ड कार्गो प्रालि सूचीकृत भएका छन् ।

आयोगले गत पुस १७ गतेको सार्वजनिक सूचनाका आधारमा प्राप्त भएका निवेदनलाई तोकिएको शर्त र बार्षिक औसत कारोबारको आधारमा मूल्याङ्कन गरी ती सेवाप्रदायक फर्मलाई सूचीकृत गरिएको जानकारी दिएको छ । ती सेवाप्रदायक संस्थालाई आयोगले निर्वाचन सामग्री आपूर्तिका लागि परिचालन गर्नेछ ।

# मोटरसाइकल दुर्घटनामा एक जनाको मृत्यु, एक घाइते



**रौतहट/मस–** रौतहटको गौर-समनपुर सडकखण्ड अन्तर्गत दुर्गा भगवती गाउँपालिका वडा नं. ४, कछुवापुलमा शनिबार राति मोटरसाइकल दुर्घटनामा परी एक जनाको मृत्यु भएको छ भने अर्का एक गम्भीर घाइते भएका छन् ।

भारतीय नम्बर प्लेटको मोटरसाइकल (बि.आर ३० एइ ५१३८) अनियन्त्रित भइ पुलबाट तल खसेको प्रहरीले जनाएको छ । दुर्घटनामा भारतको बिहार राज्य, शिउहर जिल्लाका २८ वर्षीय मिन्टु पासवान र ३० वर्षीय रमेश पासवान घाइते भएका थिए ।

घाइते दुवैलाई तत्काल उद्धार गरी गंगापिपरास्थित बागमती सेन्ट्रल अस्पताल पठाइएको थियो । प्राथमिक उपचारपछि थप उपचारका लागि उनीहरूलाई प्रादेशिक अस्पताल गौरमा रिफर गरिएको थियो ।

गौर अस्पतालमा उपचारका क्रममा मिन्टु पासवानको मृत्यु भएको छ भने रमेश पासवानको अवस्था अझै गम्भीर छ र बोल्न नसक्ने अवस्थामा रहेको प्रहरीले जानकारी दिएको छ । दुर्घटनाको खबर पाएपछि इलाका प्रहरी कार्यालय गंगापिपराबाट प्रहरी नायब निरीक्षकको कमाण्डमा टोली घटनास्थलमा पुगेको थियो । साथै जिल्ला प्रहरी कार्यालय रौतहटबाट प्रहरी निरीक्षक कैलाश के.सी. को नेतृत्वमा ट्राफिकसहितको विशेष टोली घटनास्थलको वस्तुस्थिति बुझ्न गएको थियो । दुर्घटनाग्रस्त मोटरसाइकलको दाहिने तर्फको लेगगार्ड कुचिएको अवस्थामा भेटिएको छ ।

# ११ करोड बढीको लागतमा काठमाडौं ३२ को प्रशासनिक भवन बन्दै



**काठमाडौं/मस–** काठमाडौं महानगरपालिकाको वडा नम्बर ३२ को वडा प्रशासकीय भवनको शिलान्यास भएको छ ।

शनिबार महानगरपालिकाका प्रमुख बालेन्द्र शाह (बालेन) र उपप्रमुख सुनिता डंगोलले शिलान्यास गरेका हुन् । ४ रोपनी ३ आना १ पैसा क्षेत्रफलमा कार्यालय भवन निर्माण हुनेछ । भवन निर्माणका लागि १७ करोड ४२ लाख ७० हजार ८७५ रुपैयाँ अनुमान गरिएको थियो । यसमा बोलपत्रमार्फत प्रतिस्पर्धामा आएका निर्माण पक्षमध्ये चौधरी भीषण एशोसियट जेभीले ३२.३३ प्रतिशत कम रकम अर्थात् ११ करोड ७९ लाख ३० हजार ५११ रुपैयाँमा कवोल गरेर निर्माणको जिम्मा पाएको छ । निर्माण पक्षसँग महानगरपालिकाले २०८२ पुस २९ गते सम्झौता गरेको हो । काम सम्पन्न हुने अवधि २०८३ पुस मसान्तसम्म राखिएको छ ।

शिलान्यासपछि आयोजित कार्यक्रममा बोल्दै प्रमुख शाहले, लामो समयदेखिको प्रयत्नबाट वडाबासीले सुविधा सम्पन्न भवन प्राप्त गर्ने अवसर आएको बताए ।

भवन निर्माणका लागि जग्गा खरिद गरेर सहरी योजना आयोगमार्फत डिजाइन गरिएको नक्साका आधारमा मालपोत, नापी जस्ता महानगरपालिकामा थपिँदै आउने सेवा समेत अट्न सक्ने भवन निर्माण थालनी हुनु वडाबासीका लागि गौरवको क्षण भएको उनको भनाइ थियो । भवनको गुणस्तरको कुरा गर्दै उनले वडाबासीलाई भने, 'यसको गुणस्तरीयता कायम गराउन यहाँहरुले समय समयमा आएर कसरी काम भइरहेको छ? योजना अनुसार काम भएको छ कि छैन भनेर निगरानी गरिरहनु पर्छ ।'

त्यस क्रममा धारणा राख्दै उपप्रमुख डंगोलले वडा प्रशासनिक भवन निर्माण हुनुलाई भौतिक संरचनाका रुपमा मात्र नभइ विकेन्द्रीकरणको पूर्वाधारका रुपमा हेरेको बताइन् । 'महानगरपालिकाभित्रका वडा प्रशासनिक भवनमध्ये यो सबैभन्दा ठूलो संरचना हुनेछ । यसका लागि धेरै लगानी हुनेछ । यो लगानीको प्रतिफलका रुपमा नागरिकका सेवाको अपेक्षालाई सरल, सहज, चुस्त र प्रभावकारी बन्ने अवस्थाको अपेक्षा गरेका छौं' उनको भनाइ थियो ।

कार्यक्रममा वडाका अध्यक्ष एवं महानगरपालिकाको राजस्व समितिका संयोजक नवराज पराजुलीले वडा प्रशासनिक भवन निर्माण हुनुलाई महत्वका साथ लिएको बताए ।


## साइप्रसमा रोजगार

कम्पनी: Red panda employment private employment agency — शहर: Cyprus, limassol
पूर्व स्वीकृत मितिः २०८२/०२/२७ — चलानी नं.: ६०२३९३२७ — LT. No.: 325382 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | DOMESTIC WORKER | 0 | 13 | स. काममा दक्ष | 400 | ६७,४३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: EUROASIA HUMAN RESOURCES P.E.AGENCY -509 — शहर: Cyprus, LIMASSOL
पूर्व स्वीकृत मितिः २०८२/०६/०५ — चलानी नं.: ६०२४५१३१ — LT. No.: 331438 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | DOMESTIC WORKER | 0 | 20 | स. काममा दक्ष | 400 | ६७,४३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: MAVROMATIS EMPLOYMENT BUREAU LTD — शहर: Cyprus, Larnaca
पूर्व स्वीकृत मितिः २०८२/०१/२४ — चलानी नं.: ६०२३७३०६ — LT. No.: 323306 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | DOMESTIC WORKER | 0 | 20 | स. काममा दक्ष | 400 | ६७,४३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: RED PANDA EMPLOYMENT PRIVATE EMPLOYMENT AGENCY — शहर: Cyprus, limassol
पूर्व स्वीकृत मितिः २०८२/०२/२७ — चलानी नं.: ६०२३९३२६ — LT. No.: 325381 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | DOMESTIC WORKER | 0 | 3 | स. काममा दक्ष | 400 | ६७,४३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: RED PANDA EMPLOYMENT PRIVATE EMPLOYMENT AGENCY — शहर: CYPRUS,LIMASSOL
पूर्व स्वीकृत मितिः २०८१/१२/२७ — चलानी नं.: ६०२३५८६४ — LT. No.: 321715 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Worker | 0 | 7 | स. काममा दक्ष | 400 | ६७,४३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ माघ ११ गते (25 January 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. ३०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

License No.: 1406/074/075
KALINCHOK H. R. PVT. LTD.
G.P.O. Box: 12447, Tokha-10, Samakhusi, Kathmandu, Nepal
Tel: 014980649, 9801081748, 9801179844, 9851093878, 9851136852, Email: info@kalinchokhr.com.np

मध्यान्ह
www.madhyanhadaily.com
४ माघ २०८२ आइतबार
18 January 2026 Sunday

सम्पादकीय

# कांग्रेसमा मेलमिलापको खाँचो

नेपाली कांग्रेसको विशेष महाधिवेशनबाट निर्वाचित नेतृत्वलाई निर्वाचन आयोगले दिएको वैधानिकताले कांग्रेसमा नेतृत्व पुस्तान्तरण भएको छ । यससँगै विद्यार्थी आन्दोलनबाट उदाएका नेता गगनकुमार थापाको राजनीतिमा नयाँ अध्याय आरम्भ भएको छ । विगतमा नेतृत्वविरूद्ध प्रश्न उठाउने छवि बनाएका उनी अब जवाफ दिनुपर्ने ठाउँमा पुगेका छन् । हिजो पार्टीमा आफ्ना असहमति र फरक मत दर्ज गर्दै आएका थापाले अब त्यस्ता विमतिलाई सहमतिमा ल्याउनुपर्ने छ । विशेष महाधिवेशनमा सहभागी नभएको तत्कालीन संस्थापन पक्षलाई मिलाएर कांग्रेसलाई एकढिक्का राम्रो सभापति थापाको मुख्य चुनौती बनेको छ ।

कांग्रेसमा विशेष महाधिवेशन र त्यसबाट निर्वाचित नेतृत्वको वैधानिकतामाथि विवाद चुलिएको छ । शेरबहादुर देउवा नेतृत्वको तत्कालीन केन्द्रीय समितिका बहुमत नेताहरू निर्वाचन आयोगले षड्यन्त्र गरेर आधिकारिकता खोसेको आरोप लगाइरहेका छन् । पार्टी मुख्यालय सानेपामा शनिबार बसेको बैठकले न्यायका लागि अदालत जाने निर्णय गरिसकेको छ । यस्तोमा देउवासहित शीर्ष नेताहरू, पूर्वपदाधिकारी र देशैभरका सो समूहका नेता कार्यकर्तालाई आश्वस्त पार्नु नवनिर्वाचित नेतृत्वको मुख्य कर्तव्य हुन आउँछ । गगन–विश्वको पहिलो नेतृत्व परीक्षण यसैमा हुनेछ ।

त्यसो त कांग्रेस हिजो पनि भावनात्मक रूपमा एकढिक्का थिएन । देउवा, गगन–विश्व, डा. शेखर कोइराला, कृष्ण सिटौलाका आ–आफ्नै गुट थिए । तर उनीहरू एउटै पार्टीमा थिए । २१ फागुनको प्रतिनिधि सभा निर्वाचन आउन एकसाता पनि बाँकी नरहेको अवस्थामा वैधानिकता विवाद अदालत वा सडक संघर्षमा धाइरहनुभन्दा चुनावी तयारीमा जुट्नु कांग्रेसको हितमा देखिन्छ । सभापति थापाले त्यसैका लागि आफ्नो सम्पूर्ण शक्ति खर्चिनुपर्छ । उनले आउँदो वैशाखमा नियमित महाधिवेशन गर्ने प्रतिबद्धता जनाइसकेको स्थितिमा हिजो जसरी देउवाले तीन महिना पर्खिन आग्रह गरेका थिए, उनैगरी आफैंले पर्खिन तयार हुनुपर्छ ।

यदी विवाद अदालतमा पुग्यो भने पनि ६ माघमा प्रत्यक्षतर्फको उम्मेदवारी दर्ताको समय हो भन्ने न्यायालयले बिर्सिनुहुँदैन । छिटोभन्दा छिटो विवादको निरूपण गर्दै असन्तुष्ट पक्षले नयाँ दल गठन गर्न चाहेमा समय दिनु न्यायोचित हुनेछ । तर त्योभन्दा पहिले पार्टी एकतालाई जोगाउनेमै कांग्रेसका सबै पुस्ताका नेताको जोड हुनुपर्छ । ५० वर्षअघि जननेता बिपी कोइराला निर्वासनबाट राष्ट्रिय मेलमिलापको नारा लिएर स्वदेश फर्किएका थिए । अहिले कांग्रेसमा त्यही मेलमिलापको भावनाको खाँचो छ । पुरानो दलको नेतृत्व नयाँ पुस्तामा आइपुगेकामा युवा पुस्ता उत्साहित भएका बेला कुन्ठाको राजनीतिबाट मुक्त हुनु श्रेयकर हुनेछ । त्यसै पनि देउवा नेतृत्वको कार्यसमितिले आफ्नो कार्यकाल पूरा गरिसकेको छ । विधि–विधानमा रहेको विवाद आमचुनावपछि सल्ट्याउनेगरी कांग्रेस मिल्नुमै हित देखिन्छ ।

# प्रश्नमा नयाँहरू

*पुरातन दलका शासन व्यवस्थाबाट विक्षिप्त बन्न पुगेका नागरिकहरूको मनोभावनाको अध्ययन गरेर युवाहरु भिन्न विधाबाट राजनीतिमा झुल्किन पुगेका छन् । यो अवस्था विभिन्न देशहरूमा देख्न सकिन्छ । यद्यपि, उनीहरूमाथि विभिन्न कोणबाट उठेका प्रश्न पनि सामान्य छैनन् ।*

अग्रलेख



● श्यामप्रसाद मैनाली

नेपालको पुरानो राजनीतिक शक्ति नेपाली कांग्रेस यतिखेर विभाजित छ । गगन थापा र शेरबहादुर देउवाको नेतृत्वमा कांग्रेस अलग-अलग भएको छ । विशेष महाधिवेशनमार्फत समूह निर्माण गरेको गगन पक्षले निर्वाचन आयोगबाट कांग्रेसको आधिकारिकता पाएको छ भने देउवा पक्ष न्यायिक प्रक्रियामा गएको छ । आगामी दिनमा फेरि कांग्रेस एकढिक्का होला वा नहोला, तर अहिले कांग्रेस विभाजित छ । कांग्रेसजनमा ठूलो अन्योलताको अवस्था सिर्जना भएको छ । आयोगबाट मान्यता पाएको थापा नेतृत्वको युवा नेतृत्व पंक्तिले पार्टीलाई कसरी अगाडि बढाउँछ र न्यायिक प्रक्रियामा गएको कांग्रेस कसरी प्रस्तुत हुन्छ भन्ने कुराले नै समग्र कांग्रेसको भविष्य निर्धारित हुनेछ ।

नेपाली कांग्रेसको प्रथम महाधिवेशनमा सुवर्ण शमशेर र बीपी कोइरालाले एक-अर्कालाई प्रधानमन्त्रीको रूपमा प्रस्तुत गर्नुजस्ता सौहार्दपूर्ण परिस्थिति निर्माण गर्दा नेपाली कांग्रेस एकताबद्ध बनेको हो । गिरिजाप्रसाद कोइरालाले बोलाएको भेलामा कृष्णप्रसाद भट्टराई आफैं उपस्थित भएर 'गिरिजाबाबु र मेराबीच कुनै मनमुटाव छैन, हामी एक हौं, एक छौं' भनेर दुवैले हात मिलाउँदै 'जय नेपाल'को नारा घन्काएर सबै कार्यकर्ताहरूलाई एकताको सन्देश दिँदै निरन्तरता दिएको दल नेपाली कांग्रेस हो । बीपीका पालामा पनि नेपाली कांग्रेसभित्र बीपी, कृष्णप्रसाद भट्टराई र गणेशमान सिंह गरेर तीन मूर्तिहरू थिए । पछिल्लो अवधिमा गणेशमानजी, गिरिजाबाबु र किसुनजीको अर्को त्रिमूर्ति टिमले नेपाली कांग्रेसलाई सफलतापूर्वक नेतृत्व प्रदान गरेको थियो ।

तर, पछि गिरिजाबाबु र शेरबहादुरजीका बीच एकआपसमा द्वन्द्व चर्किंदा गिरिजाबाबुले शेरबहादुरजीको साधारण सदस्यसमेत नरहने गरी दलबाट निष्कासन गर्नुभएको थियो । यो घटनाले नेपाली कांग्रेसभित्र विभाजनको परिस्थिति सिर्जना गर्‍यो । नेपाली कांग्रेस इतिहासमै अत्यन्त कमजोर बन्यो । प्रतिस्पर्धी दल एमालेले आफ्नो हैसियत निर्वाचनबाट प्रवर्द्धन गर्ने अवसर प्राप्त गर्‍यो । त्रिमूर्तिहरूले नै शासन सञ्चालन र नेपाली कांग्रेस दलको परिचालन गर्दा सामना गरेका यी तीन उदाहरणहरू हुन् । पहिलो दुई उदाहरणहरूले नेपाली कांग्रेसलाई जीवन्त बनाएको थियो । तेस्रो घटनाले नेपाली कांग्रेस इतिहासमै कमजोर र आलोचित बन्न पुगेको इतिहास साक्षी छ । यी तीन राजनीतिक घटनाबाट हालका दुई खेमामा विभक्त भएका नेताहरूले पाठ सिक्नुपर्दछ ।

पुराना तीन दलहरूले नेपालको समृद्धिमा खासै काम गर्न नसकेको आलोचना गर्दै अग्रगामी दिशामा देशलाई अघि बढाउने सोचसहितको नारा दिएर नयाँ दलहरू राजनीतिमा देखापरेका छन् । यसमा पनि विशेषगरी आमजनतामा प्रभाव पार्न सकेको राष्ट्रिय स्वतन्त्र पार्टीभित्र पनि त्रिमूर्तिहरू- रवि लामिछाने, बालेन्द्र साह र कुलमान घिसिङ देखिएका थिए । यद्यपि राष्ट्रिय स्वतन्त्र पार्टी प्रवेश गरेको १२औं दिनमै कुलमान छुट्टिएका छन् । अल्प अवधिमा छुट्टिने र जोडिने घटनाहरू हेर्दा फेरि पनि उनीहरूका बीच एकता हुन सक्छ । हालसम्मको उनीहरूको क्रियाकलापले कस्तो प्रकारको दिशा निर्दिष्ट गर्दै गएको छ ? यसबारेमा विश्लेषण गर्नु सान्दर्भिक हुनेछ ।




### राजनीतिमा युवाहरूको प्रभाव

पुरातन दलका शासन व्यवस्थाबाट विक्षिप्त बन्न पुगेका नागरिकहरूको मनोभावनाको अध्ययन गरेर युवाहरू भिन्न विधाबाट राजनीतिमा झुल्किन पुगेका छन् । यो अवस्था विभिन्न देशहरूमा देख्न सकिन्छ । उनीहरूले आ-आफ्ना क्षेत्रमा कमाएको प्रख्यातिबाट राजनीतिमा प्रवेश गरेर शासन सञ्चालन गर्दा के-कस्तो प्रभावहरू पर्न गएका छन् ? उनीहरू कतिसम्म सफल भएका हुन् ? यसबारेमा पनि विभिन्न देशहरूको उदाहरणबाट पाठ सिक्नुपर्ने अवस्था छ । प्रायः सबै देशतिर एउटै साझा सन्दर्भ स्पष्ट देखिएको छ, त्यो हो- शासकहरूबाट असन्तुष्ट भएका जनताहरूले जुनसुकै क्षेत्रका भए पनि आफ्नो असन्तुष्टिको मत नयाँ उम्मेदवारलाई प्रदान गरेका छन् । यस अवस्थामा विभिन्न पेशामा प्रख्याति कमाएका कलाकारहरू, व्यापारीहरू, हास्यव्यंग्य विधामा उत्कृष्ट देखिएकाहरू, गायक-गायिकाहरू, सिनेमाका नायक-नायिकाहरूले आफ्ना क्षेत्रमा प्राप्त गरेको सफलतालाई राजनीतिमा प्रवेश गरेर परीक्षण गर्ने जमर्को गरेको पाइन्छ ।

विशेषगरी युवाहरूले यस अवस्थाको फाइदा प्राप्त गरेको अवस्था छ । युवा शक्तिमा देखिएको ऊर्जा र जोसजाँगरका कारण सहजै मतदाताहरूलाई प्रभावमा पार्न सफल बनेका छन् । तर जब शासन सञ्चालनमा उत्रनुपर्ने हुन्छ, त्यस अवस्थामा उनीहरूको कार्यसम्पादन अत्यन्त कमजोर र विवादित बन्दै गएको छ । युवापुस्ता वा नयाँपुस्ता वा हामी अंग्रेजीवादका लागि 'जेनजी पुस्ता' जे भनौं, यी सबैका लागि राजनीति क्षणिक रूपमै भए पनि गुल्जार क्षेत्र बनेको छ । शासकीय अनुभवको कमीका कारण सफलता प्राप्त गर्न कठिन भएको अवस्था प्रायः सबैतिर देख्न सकिन्छ । केही देशहरूको उदाहरणबाट यसलाई स्पष्ट गर्ने प्रयास गरिएको छ ।

केन्यामा सबै प्रकारका करका दरहरूमा अत्यधिक वृद्धि गर्ने निर्णय सरकारले लिई विधेयक पेश गर्‍यो । यसबाट महँगी अत्यन्त वृद्धि भई सर्वसाधारण नागरिकहरूको दैनिकी गुजार्न अत्यन्त कठिन बन्न पुग्यो । सन् २०२५ जुलाईमा पेश भएको यो विधेयकको विरोधमा युवाहरू सडकमा उत्रिए । यो आन्दोलन गत भदौ महिनामा नेपालमा भएको जस्तै जेनजी पुस्ताको अग्रसरतामा भएको थियो । आन्दोलनमा धेरै युवाहरूको हत्या भएपछि सरकारले गरेको निर्मम दमनको विरुद्ध कानुन व्यवसायीहरू, मानवअधिकारवादीहरू, धार्मिक समूहहरू सबैले विरोध गर्दै प्रदर्शनमा सहभागिता जनाए । सरकार परिवर्तन भएन, तर जनतासामु झुक्न बाध्य भयो ।

दोस्रो घटनाको रूपमा इन्डोनेसियाको घटनालाई हेर्न सकिन्छ । जहाँ सांसदहरूको वेतन र भत्तामा गरिएको अत्यधिक वृद्धिको विरोधमा जनता सडकमा उत्रिएका थिए । आन्दोलनले २६ अगस्ट २०२५ मा उग्र रूप लियो । संसद् विघटनको मागसमेत आन्दोलनकारीहरूले राखेका थिए । आन्दोलनकारीहरूमाथि हताहत भएपछि थप हानि-नोक्सानीबाट जोगाउन राष्ट्रपति प्राबोवो सुवियान्तोले केही विवादित भत्ता घटाउने र केही प्रावधानहरू पूर्णरूपमा स्थगित गर्ने निर्णय लिन पुगे ।

ग्वाटेमालामा मतदाताहरूले सरकारप्रति व्यापक असन्तुष्टि जाहेर गर्दै एक हास्य कलाकार जिमी मोराल्सलाई राष्ट्रपति बनाए । हास्य कलाकारका रूपमा उनी लोकप्रिय थिए । भ्रष्टाचारविरोधी अभियन्ताका रूपमा पनि प्रस्तुत हुँदै २०१५ को आम निर्वाचनमा राष्ट्रपति पदमा प्रतिस्पर्धा गरे । २०१६ मा राष्ट्रपति बने । तर, समयक्रममा मोराल्सका भाइ र छोराले अकुत सम्पत्ति आर्जन गरेको तथ्यहरू फेला परे । राष्ट्रपतिको राजीनामाको माग भयो । उनी विदेश पलायन भए ।

लाइबेरियामा सन् १९८९ देखि २००३ सम्म भएको गृहयुद्धपछि जनतामा व्यापक असन्तुष्टि थियो । त्यही समयको फाइदा उठाउँदै फुटबल खेलाडी जर्ज वेहले सन् २०१८ मा राष्ट्रपति बन्ने अवसर पाए । उनले भ्रष्टाचार नियन्त्रण गर्ने, गरिबी हटाउने, बेरोजगारीको अन्त्य गर्ने नारा दिएर सन् २०२४ सम्म शासन गरे । तर, उनको शासनकालमा देशको अर्थतन्त्र व्यापक कमजोर बन्यो । भ्रष्टाचार र बेथिती मौलायो । यही कारण सन् २०२२ मा ठूलो विरोध प्रदर्शन भयो । २०२३ को आम निर्वाचनमा उनी पराजित बने । जससँगै सत्ता बदलियो ।

चेक गणतन्त्रका ठूला व्यवसायी आन्द्रेई बाबिसले शासन सञ्चालन गर्ने अवसर पाए । उनले राज्यलाई कम्पनीझैं चलाउँछु, भ्रष्टाचारको अन्त्य गर्छु, प्रभावकारी प्रशासन दिन्छु भन्दै 'एक्सन अफ डिस्साटिस्फाइड सिटिजन्स २०११' स्थापना गरे । जनताको विश्वास लिई २०१७ देखि २०२१ सम्म कार्यकारी प्रधानमन्त्री बने । तर, शासनमा पुगेसँगै उनी स्वंय भ्रष्टाचार र व्यक्तिगत स्वार्थमा लिप्त बने । व्यापक जनअसन्तुष्टिका बिच २०२३ मा भएको निर्वाचनबाट उनी पराजित भए ।

यी पाँचवटै देशका उदाहरणहरूमा केही सन्दर्भहरू मिल्दाजुल्दा छन् । यी सबै शासकहरू युवा थिए । राजनीतिभन्दा भिन्न विधाबाट शासन चलाउने अवसर पाएका थिए । सबैमा राजनीतिक सुझबुझ र अनुभवको कमी थियो । सबै असफल भए । देशले अग्रगमनको दिशा समात्न सकेन । अल्प अवधिमै जनताले यी युवाहरूलाई शासनसत्ताबाट च्युत गरिदिए ।

### नेपाली सन्दर्भ

अब नेपालका परिवर्तनको नारा दिएर राजनीतिमा होमिएका त्रिमूर्तिलगायतकाहरूको बारेमा विश्लेषण गरौं । नेपालको राजनीतिमा प्रवेश गर्न जाँगर देखाएका नयाँ अनुहारहरू प्रायः सबै गैरराजनीतिक पृष्ठभूमिका छन् । उनीहरूको राजनीतिक सिद्धान्त, आदर्श मूल्य, मान्यता र एजेन्डा स्पष्ट छैन । सस्तो र लोकप्रिय नारा दिएर अल्प अवधिमै शासन सञ्चालन गर्ने लक्ष्य राखेका छन् । उम्मेदवार चयनको आधार नयाँ दलहरूमा पनि मानसिक, नैतिक र प्राविधिक पक्षलाई महत्व नदिई गरिएको पाइन्छ । राजनीतिमा उदाएका नयाँ अनुहारहरू पनि भागबण्डामा केन्द्रित हुँदै गएको स्पष्ट हुन थालेको छ । समानुपातिक प्रतिनिधित्व गराउने प्रयोजनका लागि राजनीतिमा उदाएका नयाँ अनुहारहरूले पेश गरेको नामावली अध्ययन गर्दा नै 'बिहानीले पूरा दिनको संकेत' गरिसकेको पाइन्छ । पुराना दलहरूले सिन्डिकेट स्थापना गरी नेपाली जनतालाई हदैसम्मको शोषण गरेकोमा दुविधा छैन । तर, पुराना दलहरूको विकल्पमा उदाएका राजनीतिक शक्तिहरूको सामर्थ्य, चरित्र, निष्ठा, इमान्दारिता र प्रतिबद्धताबारे बढी चनाखो हुनुपर्ने अवस्था छ । यी नयाँ अनुहारहरूलाई गल्ती गर्ने छुट छैन ।

### निष्कर्ष

नेपालमा राजनीतिक परिवर्तन भएको छ । लोकतन्त्रको दुरुपयोग पनि पर्याप्त छ । सुशासनको नारा दिएर नथाक्ने हाम्रा शासकहरूले सुशासनको मूल शत्रु भनेकै भ्रष्टाचार र भ्रष्टाचारको मूल जड भनेकै गोप्यता हो, स्वार्थको संघर्ष हो भन्ने पक्षलाई विस्मरण गरिरहेका छन् । सबैको ध्यान निर्वाचनमा विजय हुनेतर्फ मोडिएको छ । तर निर्वाचनले लोकतन्त्र र देशले जित्नुपर्छ भन्ने पक्षलाई गौण मानिँदै गएको छ । अहिले अत्यन्त असहज अवस्थामा नेपाली मतदाताहरू रहेका छन् । कोही लोकप्रिय छन्, तर तिनमा अन्य गुणको अभाव छ । लोकप्रियताले मात्र शासनकुशल हुन नसक्ने उदाहरणहरू प्रशस्त छन् । यस परिस्थितिमा मतदाताहरूमा अन्योल हुनु स्वाभाविकै हो । देशको भविष्य निर्माण गर्न सक्ने राजनीतिक शक्ति कुन हो ? सबै अन्योलमा छन् ।

निष्कर्षमा उल्लेख गर्नुपर्दा, नेपालमा यतिखेर दुईवटा राजनीतिक शक्तिहरू देखिएका छन् । एकले अन्तर्राष्ट्रिय सम्बन्धमा पनि खरो उत्रिन सकेको छैन । देशमा अराजक अवस्था सिर्जना गर्न जिम्मेवार देखिन्छ । राष्ट्रियताको नाममा यिनीहरु अर्को मदुरो निम्त्याउँदैछन् । अर्को शक्ति छ- नयाँ अनुहारहरूको । उनीहरूले विभिन्न गैरराजनीतिक विधामा प्रख्याति कमाएकाहरूको जमघट आफ्ना दलभित्र गराएका छन् । सबै अत्यन्तै ज्यादा महत्वाकांक्षा पालेर राजनीतिमा प्रवेश गरेका छन् । त्यसैले यी नयाँ अनुहारहरूले जेलेन्स्कीको अनुसरण गर्ने अवस्था देखिँदैछ । अब नेपाली जनताले भोट हाल्ने कसलाई हो ? यही नै आजको अहम् प्रश्न बनेको छ ।

*(लेखक मैनाली पूर्वसचिव, स्वतन्त्र लेखक तथा विश्लेषक हुन् ।)*

## इतिहासमा आज

१८ जनवरी २००२ मा सियरा लियोन गृहयुद्ध समाप्त भएको घोषणा गरिएको थियो । यो युद्ध ११ वर्षसम्म चलेको थियो । जसमा ५० हजारभन्दा बढी मानिसहरूको मृत्यु भएको थियो ।



१८ जनवरी २००७ मा चक्रवात किरिलले बेलायतमा १४ जनाको मृत्यु भएको थियो भने जर्मनीमा १३ जनाको मृत्यु भएको थियो । पश्चिमी युरोपका २० देशहरूमा प्रभाव परेको थियो ।



१८ जनवरी २०१८ मा काजाकिस्तानको अक्टोबेको यर्गिज जिल्लाको समारा-श्यामकेन्ट सडकमा एउटा बसमा आगलागी हुँदा ५२ जनाको मृत्यु भएको थियो । जसमा तीन जना यात्रु र दुई जना जोगिन सफल भएका थिए ।



१८ जनवरी २०१९ मा मेक्सिकोको हिडाल्गोको त्लाहुएलिलपन नजिकै तेल पाइपलाइन विस्फोट हुँदा १३७ जनाको मृत्यु भएको थियो ।



# जैविक विविधता संरक्षण र यसको महत्त्व

विचार



● भरतप्रसाद देवकोटा

**कृषि जैविक विविधताले वातावरणीय सन्तुलन कायम राख्न महत्वपूर्ण भूमिका खेल्छ । वायु, जल र माटोको शुद्धीकरण, प्रदूषण नियन्त्रण तथा प्राकृतिक स्रोत संरक्षणमा यसको योगदान उल्लेखनीय छ ।**

'कृषि जैविक विविधता, हाम्रो अमूल्य सम्पदा संरक्षण : उपयोग र प्रवर्द्धनमा युवा सहभागिता' भन्ने नाराका साथ यस वर्ष पनि विभिन्न कार्यक्रम गरी राष्ट्रिय कृषि जैविक विविधता दिवस मनाइयो । २०७९ सालदेखि प्रत्येक वर्ष माघ १ गतेलाई राष्ट्रिय कृषि जैविक विविधता दिवसका रूपमा मनाउन थालिएको हो । कृषि जैविक विविधता खाद्य तथा पोषण सुरक्षा, गरिब तथा सीमान्तकृत समुदायको जीविकोपार्जन र दिगो विकासको प्रमुख आधार हो । कृषि उत्पादन प्रणालीसँग सम्बन्धित विभिन्न जीव-वनस्पति, सूक्ष्म जीव तथा जैविक र अजैविक तत्वहरूको विविधतालाई कृषि जैविक विविधता भनिन्छ । यससँग सम्बन्धित परम्परागत ज्ञान, सीप र अभ्यासको संरक्षण तथा विकासमा किसानको भूमिका अत्यन्तै महत्वपूर्ण रहन्छ ।

नेपाल जैविक विविधतामा धनी देश मानिन्छ । यहाँको भौगोलिक बनावट, जलवायु तथा सामाजिक-सांस्कृतिक विविधताले जैविक विविधताको विकास र संरक्षणमा महत्वपूर्ण योगदान दिएको छ । नेपालमा चिनो, कागुनो, कोदो, फापर, जौ, उवा, सिमी, जुनेलो जस्ता रैथाने बालीहरूमा उल्लेख्य जातीय विविधता पाइन्छ । स्थानीय ज्ञान र प्रविधिको ह्रास भए कृषक समुदाय परनिर्भर बन्ने र विदेशी प्रविधि भित्र्याउन ठूलो लगानी गर्नुपर्ने अवस्था सिर्जना हुन सक्छ ।

कृषि जैविक विविधताले वातावरणीय सन्तुलन कायम राख्न महत्वपूर्ण भूमिका खेल्छ । वायु, जल र माटोको शुद्धीकरण, प्रदूषण नियन्त्रण तथा प्राकृतिक स्रोत संरक्षणमा यसको योगदान उल्लेखनीय छ । तर बढ्दो जनसंख्या, वन विनाश, सहरीकरण, भू-क्षय र एकल बाली प्रणालीका कारण अनुवांशिक स्रोत र तिनका प्राकृतिक बासस्थानहरू ह्रास वा लोप हुँदै गइरहेका छन् । यस सन्दर्भमा सरकारले वैज्ञानिक भू-व्यवस्थापन प्रविधि प्रवर्द्धन, भू-क्षय रोकथाम तथा वन र बासस्थान संरक्षणसम्बन्धी नीति अवलम्बन गरेको छ ।

राष्ट्रिय कृषि जैविक विविधता दिवस माघ १ गते मनाउने निर्णयको सांस्कृतिक पृष्ठभूमि पनि छ । माघ १ गते माघे संक्रान्ति वा मकर संक्रान्तिका रूपमा मनाइन्छ । थारु समुदायले यसलाई 'माघी' र मधेसी समुदायले 'तिला संक्रान्ति' भन्छन् । यस पर्वमा सेलरोटी, पुरी, चाकु, तिलको लड्डु, घिउ, सागपात, तरुल र सखरखण्ड जस्ता रैथाने बालीहरूको प्रयोग हुने भएकाले कृषि जैविक विविधतासँग यसको गहिरो सम्बन्ध रहेको छ ।

कृषि जैविक विविधताअन्तर्गत कृषि बाली, घाँसेबाली, पशुपन्छी, जलचर, कृषि महत्वका कीरा तथा सूक्ष्म जीव पर्दछन् । साथै बाली र पशुपन्छीका जङ्गली नातेदारहरू पनि यसकै हिस्सा हुन् । किसानका अभ्यास, ज्ञान, सीप, संस्कृति र परम्परासँग सदियौंदेखिको अन्तरक्रियाबाट खेती प्रणाली विकसित भएको हो ।


कृषि जैविक विविधताले माटोको स्वास्थ्य सुधार्न र उत्पादन प्रणालीलाई लचिलो बनाउन सहयोग गर्छ । बाली विविधीकरण र बाली चक्र अपनाउँदा माटोको गुणस्तर कायम रहन्छ । मौसमी वा प्राकृतिक कारणले मुख्य बालीको उत्पादन घटेमा वैकल्पिक बालीबाट उत्पादन लिन सकिने सम्भावना पनि यसले सुनिश्चित गर्छ । हाल मानवजन्य कारणले कृषि जैविक विविधताको ह्रास तीव्र रूपमा बढिरहेको छ, जबकि नेपालमा विश्वको करिब ३.२ प्रतिशत वनस्पति र १.१ प्रतिशत प्राणीजन्य विविधता पाइन्छ ।

जैविक विविधता संरक्षणका लागि सबै सरोकारवाला निकायको सक्रिय भूमिका आवश्यक छ । रैथाने बाली संरक्षण र दिगो स्थानीय बीउ प्रणाली विकास गर्न सामुदायिक बीउ बैंक स्थापना गरिए पनि तिनको प्रभावकारी सञ्चालन आवश्यक छ । एकल बालीको सट्टा बहुबाली प्रणाली अपनाउने, रासायनिक मल र विषादीको प्रयोग घटाई जैविक मललाई प्राथमिकता दिने नीति उपयोगी हुन्छ ।

नेपालको संविधानले कृषि व्यवसायीकरण, विविधीकरण र आधुनिकीकरणमार्फत उत्पादन तथा उत्पादकत्व वृद्धि गर्दै किसानको हक, हित र अधिकार संरक्षण गर्ने नीति अवलम्बन गरेको छ । संविधानको धारा ४२(४) ले किसानलाई कृषि कार्यका लागि भूमि पहुँच तथा परम्परागत स्थानीय बीउ-बिजन र कृषि प्रजातिको छनोट र संरक्षण गर्ने हक सुनिश्चित गरेको छ । यी नीतिगत व्यवस्थाको प्रभावकारी कार्यान्वयन सम्बन्धित निकायको दायित्व हो ।

अन्त्यमा, कृषि जैविक विविधताको दिगो संरक्षण, सदुपयोग र प्रवर्द्धनका लागि आम नागरिकको सहभागिता अनिवार्य छ । खाद्य सुरक्षा, पोषण, वातावरणीय सन्तुलन र दिगो भविष्यका लागि कृषि जैविक विविधताको संरक्षण आजको आवश्यकता हो ।

## सामाजिक सञ्जाल



**समा थापा**

प्रश्न देउवा र गगन दुवैलाई छ, तर प्रश्नको भार बढी देउवातर्फ छ । तर अब पार्टीमा विद्रोह गर्न नसकेको नेता भनेर आलोचना गर्ने छुट कांग्रेस र उनका समर्थकलाई छैन । गगनभन्दा कठिन निर्णय अब कार्यकर्ताले गर्नुपर्छ, अब बल उनीहरूको कोर्टमा छ ।

यो डिएनएले नै आन्दोलन, विद्रोह, क्रान्ति, दुर्घटना, काण्ड र पर्वहरूले अघि बढ्ने देश हो । यो देशको इतिहासमा सत्ता, संस्थापन नेतृत्व आफै विवेकी भएर परिवर्तनलाई स्पेस दिएको बिरलै उदाहरण छ । हरेक कालखण्डमा जबरजस्त झड्का नदिए यो देश डेग चल्दैन । तसर्थ विद्रोह चेतलाई स्वागत गर्न पर्छ ।



**डम्मर खतिवडा**



**किशोर नेपाल**

देशको शासन सेनाको नियन्त्रणमा रहेको समयमा नेपाली कांग्रेसका महामन्त्रीले 'विशेष अधिवेशन' आयोजना गरेर जेनजी आन्दोलनका नाममा घाइते भएका सभापतिका विरुद्ध 'कु' गरे । आफूलाई सभापति घोषित गरे । सामाजिक सञ्जालमा उनको जयगान भयो । यो किन भयो र कसरी भयो ?

अज्ञानता, पूर्वाग्रह वा निहित स्वार्थका कारण राज्यको संस्थागत व्यवस्था क्रमशः भत्किँदै गएको छ । राज्यका निकायहरूको क्षमता र विश्वसनीयता रसातलमा पुगेको छ । सुशासन र परिणाममुखी कार्यान्वयन लगभग असम्भवजस्तै बनेको छ । यथास्थितिमा मुलुकका लागि आगामी दिन सहज देखिँदैनन् ।



**सूर्यराज आचार्य**

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुने छ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइने छ । - सं.

# साइपालको काँडामा सौर्य मिनिग्रिड सञ्चालन १४७ परिवार लाभान्वित



**सत्यराज सिंह/मध्यान्ह**
बझाङ, ३ माघ

बझाङको दुर्गम साइपाल गाउँपालिका-३ काँडामा सौर्य ऊर्जामार्फत विद्युत् आपूर्ति सुरु भएको छ । ६८ किलोवाट क्षमताको सौर्य मिनिग्रिड सञ्चालनमा आएपछि १ सय ४७ परिवारसँगै व्यावसायिक र सरकारी कार्यालयमा नियमित विद्युत् सेवा पुगेको छ ।

वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्रको सहयोगमा निर्माण गरिएको मिनिग्रिडमा गाउँपालिकाको १० प्रतिशत लगानी र स्थानीय उपभोक्ताको १० प्रतिशत श्रमदान रहेको छ । गाउँपालिका अध्यक्ष मानबहादुर बोहराका अनुसार मिनिग्रिड सञ्चालनपछि स्थानीयले २४ घन्टा विद्युत् सेवा पाउन थालेका छन् ।

मिनिग्रिडबाट प्रहरी चौकी, वडा कार्यालय, विद्यालय, स्वास्थ्य चौकी र गाउँपालिका सहितका सरकारी कार्यालयमा समेत विद्युत् आपूर्ति भइरहेको छ । यसअघि सीमित समयका लागि मात्र बत्ती बाल्न पाउने स्थानीयले अहिले नियमित रूपमा विद्युत् प्रयोग गर्न पाएको उपाध्यक्ष डोल्मा तामाङले बताइन् ।

उनका अनुसार बाटोको अभावका कारण सामग्री ढुवानीमा समस्या हुँदा पछिल्लो समय हेलिकप्टरमार्फत सामग्री ढुवानी गर्नुपरेको थियो । उनले भनिन्, झपहिले राति मात्रै बत्ती आउँथ्यो, अहिले चौबीसै घन्टा बत्ती आएको छ ।'

वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्रका अनुसार परियोजनाको कुल लागत ६ करोड ६ लाख ६७ हजार ९ सय ९८ रुपैयाँ रहेको छ । मिनिग्रिड निर्माणको जिम्मा सौर्य ऊर्जा प्रालिले पाएको थियो । आयोजना शुक्रबार औपचारिक रूपमा उद्घाटन गरिएको हो ।

सौर्य मिनिग्रिड सञ्चालनमा आएसँगै स्थानीयको दैनिकी सहज हुनुका साथै गाउँपालिकाको सेवा प्रवाह र आर्थिक गतिविधिमा समेत सकारात्मक प्रभाव पर्ने अपेक्षा गरिएको साइपाल गाउँपालिका अध्यक्ष मानबहादुर बोहराले बताए । साथै शुक्रबारदेखि गाउँपालिकाले साइपाल गाउँपालिकाको काँडाबाट सेवा दिने भएको छ । यसअघि चैनपुरमा कार्यालय लिएर सेवा दिइएको थियो ।

# साढे चार करोडको लागतमा पर्साका दुई पालिकामा कृषि तथा पशुपन्छी सेवा केन्द्र स्थापना

**लालबाबु बानिया/मध्यान्ह**
पर्सा, ३ माघ

पर्साको पटेर्वासुगौली र जिराभवानी गाउँपालिकामा एकै दिन दुई वटा कृषि तथा पशुपन्छी सेवा केन्द्रको उद्घाटन तथा हस्तान्तरण गरिएको छ ।

शनिबार छुट्टाछुट्टै कार्यक्रमबीच कृषि तथा पशुपन्छी मन्त्री डा.मदन प्रसाद परियारले दुवै गाउँपालिकामा आधुनिक मोडेलमा निर्माण गरिएका कृषि तथा पशुपन्छी सेवा केन्द्रका नवनिर्मित भवनको सिलालेख अनावरण तथा फिता काटेर उद्घाटन गरेका हुन् ।

कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री परियारले सेवा केन्द्र सञ्चालनमा आएपछि स्थानीय किसान तथा पशुपालकहरूलाई सेवा लिन सहज हुने बताए । पहिले गाउँपालिकाका कार्यालय मन्दिरका भवनमा सञ्चालन हुँदै आएको स्मरण गर्दै अहिले आफ्नै प्रशासनिक भवन नजिकै आधुनिक सेवा केन्द्र निर्माण हुनु खुसीको विषय भएको उनले उल्लेख गरे ।

नेपालका ६ वटा प्रदेशका १ सय ७१ पालिकामा यो योजना रहेकामा हालसम्म ७४ पालिकामा निर्माण सम्पन्न भइसकेको



र तीमध्ये पटेर्वा सुगौली र जिराभवानी पनि परेको जानकारी उनले दिए ।

नवनिर्मित भवनमा पशु उपचारका लागि औषधिसहित सल्यक्रियाका उपकरण, माटो परीक्षण सेवा, कृषि औजार तथा उपकरण, साथै प्राविधिक परामर्शदाताको व्यवस्था गरिएको मन्त्री परियारले बताए । उनले यस क्षेत्रको विकासका लागि आफू सधैं तयार रहेको र गाउँपालिका अध्यक्षको सक्रियताले विकास निर्माणका कामले गति लिएको उल्लेख गरे । ग्रामीण उद्यम तथा आर्थिक विकास आयोजनाका निर्देशक डा.चन्द्र रिजालका अनुसार पटेर्वा सुगौली गाउँपालिकामा करिब साढे दुई करोड र जिराभवानी गाउँपालिकामा करिब दुई करोड रुपैयाँको लागतमा दुईतले कृषि तथा पशुपन्छी सेवा केन्द्रको भवन निर्माण गरिएको हो ।

अपांगता भएका सेवाग्राहीका लागि ह्वीलचेयर पहुँचको व्यवस्था गरिएको र महिला सेवाग्राहीका लागि बालकलाई दूध खुवाउने कक्ष समेत निर्माण गरिएको उनले जानकारी दिए ।

पटेर्वा सुगौलीमा गाउँपालिका अध्यक्ष दिनेश चौधरीको अध्यक्षतामा सम्पन्न उद्घाटन कार्यक्रममा मन्त्री परियारकी धर्मपत्नी कल्पना परियार, आयोजना निर्देशक डा. चन्द्र रिजाल, मिडिप बर्दिबासका प्रमुख राजेश साह, कृषि अनुसन्धान केन्द्र परवानीपुरका निर्देशक डा. विशेष्वर प्रसाद यादव, उपाध्यक्ष ममता महतो, प्रमुख प्रशासकीय अधिकृत प्राण मेहता लगायतको सहभागिता रहेको थियो । कार्यक्रममा उत्कृष्ट किसान तथा पशुपालकहरूलाई घाँस काट्ने मेसिन र कृषि मोटर प्रदान गरी सम्मान गरिएको थियो ।

त्यसैगरी जिराभवानी गाउँपालिकामा पनि मन्त्री परियारले नवनिर्मित कृषि तथा पशुपन्छी सेवा केन्द्रको उद्घाटन तथा हस्तान्तरण गरेका छन् । गाउँपालिका अध्यक्ष अनोज चौधरीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा उपाध्यक्ष रेखा चौधरी, प्रमुख प्रशासकीय अधिकृत अमित गिरी, विभिन्न वडाध्यक्ष, कार्यपालिका सदस्य तथा स्थानीय जनप्रतिनिधिको सहभागिता रहेको थियो ।

# कुमारीपाटी जावलाखेल विकास संस्थाको अध्यक्षमा पुनः शाक्य



**ललितपुर/मस**–ललितपुरको कुमारीपाटी जावलाखेल विकास संस्थाको प्रथम साधारण सभा तथा अधिवेशन सम्पन्न भएको छ ।

प्रथम अधिवेशनले संस्थाको नयाँ कार्यसमिति निर्विरोध चयन गरेको छ । संस्थाको अध्यक्षमा पुष्प रत्न शाक्य पुनः निर्विरोध भएका हुन् । शाक्य ललितपुर चेम्बर अफ कमर्सका अध्यक्ष समेत हुन् । यस्तै संस्थाको उपाध्यक्षमा प्रकाश खड्गी, अनिल श्रेष्ठ र वीरेन्द्र शाक्य, सचिवमा पुरुषोत्तम शाही र कोषाध्यक्षमा किरण खड्गी चयन भएका छन् । यस्तै संस्थाको कार्यसमिति सदस्यमा शैलेन्द्र शाक्य, कपिल शाही, बुलाल महर्जन र निर्मला खड्गी निर्वाचित भएका छन् ।

संस्थाले स्थानीय विकास र समुदायको हितमा कार्य गर्दै आइरहेको छ । नयाँ कार्यसमितिले कुमारीपाटी र जावलाखेल क्षेत्रको विकासका गतिविधि गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । अधिवेशनमा निर्वाचन कमिटीका निर्वाचन अधिकृत अधिवक्ता बाबुकृष्ण महर्जनले निर्वाचनको परिणाम घोषणा गरेका थिए ।

# झलक खत्रीको परिवारलाई १० लाख सहयोग



**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, ३ माघ

रुकुम पश्चिमको बाँफिकोट गाउँपालिका-७ गोरेकाडास्थित हिमालय नमूना आधारभूत विद्यालयका प्रधानाध्यापक झलक खत्रीको परिवारलाई १० लाख रुपैयाँ आर्थिक सहयोग प्रदान गरिएको छ ।

प्रधानाध्यापक खत्रीको गत मंसिर ११ गते बाँफिकोट-७ बास्तालामा मोटरसाइकल दुर्घटनामा परी निधन भएको थियो । उनको निधनपछि परिवारमा उत्पन्न आर्थिक संकटलाई केही हदसम्म समाधान गर्ने उद्देश्यले देश तथा विदेशमा रहेका शुभेच्छुक, सहयोगी र समाजसेवीबाट रकम संकलन गरी खत्री परिवारलाई हस्तान्तरण गरिएको हो ।

खत्री परिवारले सहयोग गर्ने सम्पूर्ण दाताप्रति धन्यवाद व्यक्त गरेको छ । सरल स्वभावका खत्री सामाजिक काममा समेत सक्रिय र अग्रणी रहेको स्थानीयवासीहरूले बताएका छन् ।

सहयोगी दाताहरूले राहतस्वरूप संकलन गरिएको रकम तोकिएको उद्देश्यअनुसार मृतक खत्रीको घरपरिवारलाई उपलब्ध गराउन भूमिका खेलेका समाजसेवीहरूप्रति समेत आभार व्यक्त गरेका छन् ।

रकम हस्तान्तरण कार्यक्रममा नेकपा सम्बद्ध नेता तथा समाजसेवी गोरख कुसारी, बाँफिकोट गाउँपालिका-७ का वडा अध्यक्ष नरबहादुर खत्री, ढारबाङस्थित विद्यालयका प्रधानाध्यापक हिरालाल खनालगायतको उपस्थिति रहेको थियो । संकलित रकम देश तथा विदेशमा रहेका सहयोगीहरूबाट प्राप्त भएको आयोजक पक्षले जनाएको छ ।

# रौतहटमा भ्रष्टाचार र बेथितिविरुद्ध एकजुट हुने 'जेन जेड' युवाहरूको घोषणा

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, ३ माघ

रौतहटका 'जेन जेड' युवाहरूले भ्रष्टाचार, अत्याचार र बेथितिविरुद्ध एकजुट भएर अघि बढ्ने घोषणा गरेका छन् । जिल्ला सदरमुकाम गौर नगरपालिका-४ स्थित प्रसिद्ध सोवर्णा माई मन्दिरको प्रांगणमा शनिबार युवाहरूबीच एक बृहत् अन्तरक्रिया तथा छलफल कार्यक्रम सम्पन्न भएको हो ।

अरुण पटेल र भोला साहको नेतृत्वमा आयोजित कार्यक्रममा समाजमा जरो गाडेर बसेको भ्रष्टाचार र विकृतिविरुद्ध नयाँ पुस्ता जुर्मुराउनुपर्नेमा जोड दिइएको छ । सहभागी वक्ताहरूले वर्तमान अवस्थामा युवा वर्ग केवल दर्शक बनेर बस्न नहुने धारणा राख्दै, सामाजिक सञ्जाल र प्रविधिको युगमा हुर्किएको 'जेन जेड' पुस्ताले समाज सुधारका लागि रचनात्मक र दबाबमूलक भूमिका निर्वाह गर्नुपर्ने आवश्यकता औंल्याए ।

छलफलका क्रममा युवाहरूले विद्यालयदेखि सरकारी कार्यालयसम्म समाजका हरेक गतिविधिमा सूक्ष्म निगरानी राख्ने निर्णय गरेका छन् । उनीहरूले विकास निर्माणका कार्यमा हुने ढिलासुस्ती, अनियमितता तथा सार्वजनिक सेवा प्रवाहमा देखिने भ्रष्टाचारलाई न्यूनिकरण गर्न आ-आफ्नो क्षेत्रबाट सक्रिय पहल गर्ने प्रतिबद्धता व्यक्त गरे ।

कार्यक्रमले यो सक्रियतालाई एक दिनको भेलामा मात्र सीमित नराखी संस्थागत रूपमा अघि बढाउने



निर्णयसमेत गरेको छ । यसअनुसार प्रत्येक शनिबार नियमित बैठक बस्ने, अघिल्लो हप्ताका गतिविधिको समीक्षा गर्ने, अभियानलाई कानुनी र व्यवस्थित बनाउन चाँडै दर्ता प्रक्रिया अघि बढाउने तथा विद्यालय र समुदायस्तरमा भ्रष्टाचारविरुद्ध सचेतना कार्यक्रम सञ्चालन गर्ने निर्णय गरिएको छ ।

कार्यक्रममा गौर नगरपालिकासहित जिल्लाका विभिन्न स्थानबाट करिब १ सय जना युवाहरूको उत्साहजनक सहभागिता रहेको थियो । सहभागीहरूले 'युवा एकता जिन्दाबाद' र 'भ्रष्टाचार मुक्त समाज' जस्ता नाराहरू लगाउँदै आफ्नो ऐक्यबद्धता जनाएका थिए । कार्यक्रमको समापन गर्दै अभियानका नेतृत्वकर्ताहरूले युवाहरूको सक्रिय सहभागिताले मात्र समुन्नत र न्यायपूर्ण समाज निर्माण सम्भव हुने बताएका छन् । साथै, यो अभियान कुनै राजनीतिक स्वार्थका लागि नभइ विशुद्ध सामाजिक सुधार र सुशासनका लागि सञ्चालन गरिएको स्पष्ट पारेका छन् ।

# त्रिनेत्र अध्यात्म चिन्तन केन्द्र कोशी प्रदेशको पहिलो साधारण सभा सम्पन्न

**तेज वन/मध्यान्ह**
इटहरी, ३ माघ

सुनसरीको इटहरी-२ स्थित आयुर्वेदिक टोलमा रहेको त्रिनेत्र अध्यात्म चिन्तन केन्द्र, कोशी प्रदेशको पहिलो वार्षिक साधारणसभा शनिबार सम्पन्न भएको छ ।

केन्द्रकी कोशी प्रदेश अध्यक्ष सुभद्रा प्याकुरेलको अध्यक्षतामा सम्पन्न साधारणसभामा भावी कार्ययोजना प्रस्तुत गर्दै विभिन्न समिति गठन गरिएको छ । सुवेदी कल्याण परिषद्का केन्द्रीय सदस्य भुलराज सुवेदीको प्रमुख आतिथ्यमा सम्पन्न सभाले आगामी फागुन ३ गते शिवरात्रिको अवसरमा इटहरी-२ स्थित १०८ शिवलिंग परिसरलाई 'त्रिनेत्र मोक्षधाम' नामाकरण गर्दै भव्य रूपमा समुद्घाटन गर्ने निर्णय गरेको छ ।



साधारणसभाले केन्द्रलाई दीगो रूपमा सञ्चालन गर्न विभिन्न समिति गठन गर्ने प्रतिबद्धता समेत जनाएको छ । १०८ शिवलिंग निर्माण समिति संयोजक बाबुराम सुवेदीका अनुसार त्रिनेत्र अध्यात्म चिन्तन केन्द्र दीगो पूजा व्यवस्थापन समिति, शिवरात्री आयोजक समिति, अक्षयकोष निर्माण समिति लगायतका समिति गठन गरी काम अघि बढाइनेछ ।

त्यसैगरी, आगामी माघ १५ गते नवलपरासीमा हुने त्रिनेत्र अध्यात्म चिन्तन केन्द्रको अधिवेशनमा कोशी प्रदेशबाट सहभागी हुने प्रतिनिधि छनोटलगायत विषयमा पनि छलफल भएको केन्द्रकी कोशी प्रदेश सचिव प्रतिक्षा प्राप्ती अधिकारीले जानकारी दिइन् ।

कार्यक्रममा केन्द्रका उपाध्यक्ष हिरा आचार्य, सुनसरी अध्यक्ष सुशिला सिटौला लगायत विभिन्न सामाजिक क्षेत्रका व्यक्तित्वहरूको उपस्थिति रहेको थियो ।

कोशी प्रदेशलाई धार्मिक पर्यटकीय नगरीका रूपमा विकास गर्ने उद्देश्यसहित केन्द्रले विभिन्न योजना कार्यान्वयन गर्दै आएको छ । अध्यात्मका माध्यमबाट मानव जीवनलाई सहज र सरल बनाउने उद्देश्य बोकेको त्रिनेत्र अध्यात्म चिन्तन केन्द्रले इटहरीमा १०८ शिवलिङ्ग निर्माण गरी धार्मिक पर्यटन प्रवर्धन गर्दै आएको छ ।

केन्द्रकै संकल्पमा गत कात्तिक १४ गतेदेखि २१ गतेसम्म श्रीमद् भागवत धान्याञ्चल जीवनदर्शन सत्संग कार्यक्रम पनि भव्य रूपमा सम्पन्न गरिएको थियो । सो अवसरमा कोशी प्रदेशसहित मुलुकका विभिन्न जिल्ला तथा भारतका विभिन्न क्षेत्रबाट आएका एक लाखभन्दा बढी भक्तजनहरूले १०८ शिवलिंगको अवलोकन तथा दर्शन गरेका थिए ।


## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०८२/१०/०४**

**ग्रिनलाइन होलिडेज प्रा. लि.** को मिति २०८२/०८/२८ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **स्मार्ट ट्राभल सर्भिसेज प्रा. लि. (प्रा.लि नं. १७०८७४)** कायम गर्ने गरी मिति २०८२/०९/०६ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



## रावा बेसी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**हरमटार, कुभिण्डे, खोटाङ**
**कोशी प्रदेश, नेपाल**

## बोलपत्र स्विकृत गर्ने आशयको सूचना

**प्रकाशित मितिः २०८२/१०/०२**

यस रावा बेसी गाउँपालिकाबाट आह्वान गरिएको सडक स्तरोन्नती (Upgrading of Nunthala Haramtar Joubari Road) सम्बन्धी बोलपत्र न. RAWA/Works/NCB-01/2082/83 मा पेश हुन आएका बोलपत्रहरु मध्ये मूल्यांकन समितिको मिति २०८२/१०/०२ को निर्णय अनुसार श्री RKCS–YOJAN JV मध्यपुर ठिमी, भक्तपुर, नेपालले पेश गरेको रकम रु. १,५३,५५,४८१.३१ (अक्षरुपी एक करोड त्रिपन्न लाख पचपन्न हजार चार सय एकासी रुपैयाँ एकतिस पैसा मात्र) मु.अ.कर सहित भएको बोलपत्र छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

**बोधार्थ**
1. Shuva & Dhurba– Mahabir JV
2. RKCS–Yojan JV
3. B.B Construction & Suppliers Pvt. Ltd.
4. Rujan K. Nirman Sewa Pvt. Ltd.

**प्रमुख प्रशासकीय अधिकृत**



## Bodebarsain Municipality
## Office of the Municipal Executive
**Bodebarsain, Saptari**

## Invitation For Electronic Bids

**First Date of Publication: 2082/10/04(18th Jan 2026)**

The Bodebarsain Municipality Invites electronic bids from Nepalese eligible bidders for the Following Projects under Sealed Quotation procedures.

| Name of Project | ContractID | Bid Security Amount (NRS) | Bid Fee (Nrs.) |
|---|---|---|---|
| Procurement of Equipment for Technical Section | BBMS/SQ/ GOODS/2082/083-03 | 38000.00 | 1000.00 |

For Details, bidders are advised to visit Website: www.bolpatra.gov.np/egp or may visit www bodebarsainmun. gov.np.

# विश्वकपमा छनोट हुन नेपाल तयार

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३ माघ



आइसिसी महिला टी-२० विश्वकप ग्लोबल छनोट प्रतियोगिता आइतबारदेखि कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदान र मूलपानी क्रिकेट मैदानमा सुरु हुँदैछ । १० राष्ट्रको सहभागिता रहेको प्रतियोगितामा पहिलो दिन चार खेल हुनेछन् ।

आइतबार बिहानका खेलमा नेदरल्यान्ड्स-जिम्बाब्वे र आयरल्याण्ड-पपुवा न्युगिनी (पिएनजी) भिड्नेछन् । दिउँसो हुने खेलमा बंगलादेशले अमेरिकासँग प्रतिस्पर्धा गर्नेछ भने आयोजक नेपालले थाइल्यान्डसँग प्रतिस्पर्धा गर्दै प्रतियोगिताको सुरुवात गर्नेछ ।

नेपाल र थाइल्यान्डबीचको खेललाई विशेष चासोका साथ हेरिएको छ । दुवै टोली चिरपरिचित प्रतिद्वन्द्वी हुन् । इन्दु वर्माको कप्तानीमा रहेको नेपाली महिला टोली घरेलु मैदानको फाइदा उठाउँदै प्रतियोगितामा सानदार सुरुवात गर्ने लक्ष्यसहित मैदानमा उत्रिँदैछ । तर समूह चरण नेपालका लागि चुनौतीपूर्ण छ, किनकि समूहमा रहेका सबै टोली अन्तर्राष्ट्रिय अनुभव र वरीयतामा नेपालभन्दा अघि छन् ।

अन्तर्राष्ट्रिय टी-२० वरीयतामा नेपालभन्दा नवौं स्थान माथि रहेको थाइल्यान्ड पनि विजयी सुरुवात गर्दै दोस्रो पटक विश्वकप खेल्ने लक्ष्यमा छ । थाइल्यान्डले सन् २०२२ मा अष्ट्रेलियामा आयोजना भएको महिला टी-२० विश्वकप खेलिसकेको छ ।

हेड-टु-हेड हेर्दा नेपालका लागि तथ्यांक अनुकूल छैन । नेपाल र थाइल्यान्डबीच हालसम्म ७ पटक अन्तर्राष्ट्रिय टी-२० खेल भएको छ, जहाँ नेपालले सबै खेल गुमाएको छ । सन् २०२३ को आइसिसी महिला टी-२० विश्वकप एसिया छनोटमा पहिलो भेट हुँदा नेपाल ४६ रनले पराजित भएको थियो । सन् २०२५ मा कीर्तिपुरमै भएको त्रिकोणात्मक सिरिजमा पनि नेपालले थाइल्यान्डसँग तीनै खेलमा हार व्यहोरेको थियो । सोही वर्ष एसिया छनोट 'सुपर थ्री'को फाइनलमा पराजित भए पनि दुवै टोली ग्लोबल छनोटमा प्रवेश गरेका हुन् । यद्यपि, यही प्रतियोगिता नेपालका लागि इतिहास रच्ने अवसर पनि हो । पहिलो पटक ग्लोबल छनोट खेलिरहेको नेपालले उत्कृष्ट प्रदर्शन गर्न सके यही वर्ष इंग्ल्यान्डमा हुने महिला टी-२० विश्वकपमा स्थान बनाउन सक्छ । क्रिकेट अनिश्चितताको खेल भएकाले घरेलु समर्थन र तयारीले नेपाललाई बलिया टोलीविरुद्ध पनि प्रतिस्पर्धी बनाउन सक्ने विश्वास लिइएको छ ।

ग्लोबल छनोटलाई लक्षित गर्दै नेपाल क्रिकेट संघ (क्यान)ले भारतका हर्ष जयन्त पाठकलाई नयाँ प्रशिक्षकको रूपमा नियुक्त गरेको छ । प्रतियोगितामा नेपालका सबै खेल त्रिवि मैदानमै हुने भएकाले दर्शकको बलियो साथ पाउने अपेक्षा गरिएको छ ।

यसैबीच, शनिबार साँझ क्यानले आयोजना गरेको प्रि-म्याच प्रेस कन्फरेन्समा सहभागी सबै टोलीका कप्तानले प्रतियोगिताका लागि आफूहरू पूर्ण रूपमा तयार रहेको बताएका छन् । नेपाली टोलीकी कप्तान इन्दु बर्माले घरेलु मैदानमा खेल्न पाउँदा उत्साहित रहेको बताइन् ।

'हामी राम्रो क्रिकेट खेल्नेछौं । १८ वर्षपछि यस्तो ठुलो अवसर पाएका छौं । ठुला टिमसँग खेल्दै धेरै कुरा सिकेका छौं, हामी कन्फिडेन्ट छौं,' इन्दुले भनिन् । उनले यो प्रतियोगिता नेपाली महिला क्रिकेटका लागि टर्निङ प्वाइन्ट हुने र आगामी पुस्ताका लागि समेत बलियो प्लेटफर्म तयार हुने विश्वास व्यक्त गरिन् ।

# 'देशलाई गर्व गर्ने विश्वकप बनाउँछौं'



**काठमाडौं /मस-** नेपाली राष्ट्रिय क्रिकेट टोलीका कप्तान रोहितकुमार पौडेलले आगामी आइसिसी टी-२० विश्वकपका लागि तयारी राम्रो भइरहेको र देशलाई गर्व गर्न लायक प्रदर्शन गर्ने बताएका छन् ।

आगामी फेब्रुअरी ७ देखि मार्च ८ तारिखसम्म भारत र श्रीलंकामा संयुक्त रूपमा टी-२० विश्वकप आयोजना हुँदैछ । सोही विश्वकपको तयारीका लागि नेपाली टोली आइतबार श्रीलंका प्रस्थान गर्दैछन् । त्यहाँ नेपाली टोलीले श्रीलंका 'ए' सँग तीन वटा टी-२० खेल खेल्नेछन् ।

नेपाल क्रिकेट संघ (क्यान) का अध्यक्ष चतुरबहादुर चन्दले श्रीलंका 'ए'को टोली राम्रो हुने श्रीलंका क्रिकेटले आश्वासन दिएको बताए । विश्वकपअघि नेपाली टोलीले भारत र श्रीलंकामा गरेर कुल १२ दिनको तयारी गर्नेछ । नेपाली टोलीका कप्तान रोहितले यो तयारी पर्याप्त र राम्रो हुने भएकाले यसपल्टको विश्वकपमा देशले गर्व गर्न लायक प्रदर्शन गर्ने बताएका हुन् ।

उनले नेपाल प्रिमियर लिग (एनपिएल) पछि केही दिन विश्राम लिए पनि तयारी सुखद रहेको उल्लेख गरे । तेस्रोपल्ट विश्वकप खेल्न आफ्नो टोली उत्साहित रहेको उनले बताए । अमेरिका र वेस्ट इन्डिजमा सम्पन्न पछिल्लो विश्वकपमा ब्याटिङका लागि पिच सहज नहुँदा रन बनाउन सबैलाई कठिन भएको रोहितले उल्लेख गरे ।

यद्यपि वाङ्खडेमा 'हाइ स्कोरिङ' पिच भएकाले ब्याटरहरूलाई सहज हुने उनको भनाइ छ । त्यहीअनुसार तयारी गरेको उनी बताउँछन् । यो पिचका लागि बलरले पनि राम्रो तयारी गर्नुपर्ने उनले उल्लेख गरे । नेपाली टोलीले चारै खेल वाङ्खडेमा खेल्ने तालिका छ । विश्वकपअगाडि नेपाली टोलीले दुई अभ्यास खेल वाङ्खडेभन्दा एक किलोमिटर मात्र टाढा रहेको बारबोर्न क्रिकेट स्टेडियममा (क्रिकेट क्लब अफ इन्डिया) खेल्नेछ । यो अभ्यास खेलले वाङ्खडेको कन्डिसनमा भिज्न नेपाली टोलीलाई मद्दत पुऱ्याउनेछ । नेपाली टोलीका मुख्य प्रशिक्षक स्टुआर्ट ललले भारत र श्रीलंकामा हुने अभ्यासमा नेपाली टोलीलाई विश्वकप लक्षित भुमिकामा तयार बनाउने बताए । विश्वकप खेल्नु खेलाडीसँगै प्रशिक्षक र म्यानेजमेन्टका लागि पनि गर्वको क्षण रहेको उल्लेख गर्दै उनले नेपालले गर्व गर्ने विश्वकप हुने आशा व्यक्त गरेका छन् । उनले पछिल्ला तीन हप्तादेखि विश्वकपका लागि तयारी पनि गरेको उल्लेख गरे । क्यानले शनिबार एक कार्यक्रमका बीच नेपाली टोलीलाई बिदाई गरेको थियो । क्यानका अध्यक्ष चतुरबहादुर चन्द र नेपाली कांग्रेसका नेता डा. सुनिल शर्माले नेपाली टोलीको बिदाइ गरेका थिए । सो अवसरमा नेता शर्माले वेस्ट इन्डिजसँगको टी-२० शृंखला जितेको नेपाली टोलीलाई पूर्वघोषित २० लाख रुपैयाँ पनि हस्तान्तरण गरे । आगामी विश्वकपमा सुपर आठमा पुगे २० लाख रुपैयाँ दिने उनले बताएका छन् । डा. शर्माले नेपाली राष्ट्रिय महिला र पुरुष टोलीका खेलाडी र परिवारलाई निःशुल्क उपचार गराउँदै आएको उल्लेख गर्दै यो सम्झौता सकिए पनि यसलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरे । उनले नेपाल सरकारसमक्ष खेलाडी जीवनबाट अवकाशपछि उनीहरूलाई पेनसन दिन माग राखेका छन् ।

क्यानका अध्यक्ष चन्दले टेस्ट राष्ट्रसँग खेल्न नपाए पनि लगातार भइरहेको व्यस्तताले नेपाली टोलीको तयारी राम्रो भएको बताएका छन् । उनले नेपाली टोली सन्तुलित रहेको उल्लेख गर्दै नेपाली टोली सुपर आठमा पुग्ने आशा व्यक्त गरेका छन् । यसपल्ट नेपाली टोलीले देशलाई गर्व गर्न लायक बनाउने उनको विश्वास छ । क्यानका सचिव तथा नेपाली टोलीका पूर्वकप्तान पारस खड्काले नेपाली क्रिकेट टोलीबाट देशले धेरै आशा राखेको र विश्व क्रिकेटले पनि नियालिरहेको बताए ।

# आर्मीसँग मनाङ पराजित, चित्लाङको सुखद सुरुवात



**काठमाडौं /मस-** नेपाली घरेलु फुटबलको सबैभन्दा सफल क्लब मनाङ मर्स्याङ्दीले राष्ट्रिय लिगमा लज्जास्पद हार व्यहोरेको दिन पहिलोपल्ट ठुलो प्रतियोगिता खेलेको चित्लाङ एफसीका लागि सुखद बन्यो ।

सर्वाधिक आठ पल्ट शीर्ष डिभिजन लिग विजेता मनाङ मर्स्याङ्दीले राष्ट्रिय लिगमा खराब नतिजा सामना गरेको हो । क्लब व्यवस्थापनको आन्तरिक विवादका कारण एक समय चर्चित र सफल क्लब मनाङले पछिल्ला समय मोफसलका प्रतियोगिता पनि खेलेका थिएन ।

राष्ट्रिय लिग खेलेको मनाङ शनिबार विभागीय टोली त्रिभुवन आर्मी क्लबमाथि ५-० को लज्जास्पद हार व्यहोर्न बाध्य भयो । यससँगै क्लबभित्रको आन्तरिक विवादको असर प्रतियोगितामा पनि परेको छ । त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा भएको खेलमा मनाङ युवा खेलाडीको साथमा उत्रिएको थियो । एक समय मनाङबाट राष्ट्रिय टोलीका स्टारहरू हुने गर्थे ।

राष्ट्रिय लिगमा मनाङले त्यो छविलाई कायम राख्न सकेन । तर तीन जना विदेशी खेलाडीको साथ पाए पनि मनाङले कमजोर प्रदर्शन गऱ्यो । मनाङ फराकिलो अन्तरको हार टार्न असफल भयो ।

आर्मीमा राष्ट्रिय टोली र नेपालको विभिन्न उमेरसमूहबाट खेलेका स्टार खेलाडीले खेलेका थिए । सोहीअनुरूप आर्मी मनाङमाथि पूर्ण हाबी पनि भयो । आर्मीको जितमा युवा खेलाडी निराजन धामीले दुई गोल गरे । नवीन लामा, नवयुग श्रेष्ठ र कप्तान जिलेस्पीजंग कार्कीले समान एक-एक गोल गरे । आर्मीले पहिलो हाफमा दुई गोल गोल गरेको थियो । दोस्रो हाफमा थप आक्रामक बन्दै आर्मीले तीन गोल थप्यो । खेलको १५औं मिनेटमा नै नवीनको पेनाल्टी गोलबाट आर्मीले अग्रता लियो ।

युवा स्ट्राइकर नीराजनले ३४औं मिनेटमा गोल गर्दै आर्मीको अग्रता दोब्बर पारे । पहिलो हाफमा थप गोल हुन सकेन । अनुभवी खेलाडी नवयुगले ६७औं मिनेटमा आर्मीका लागि गोल थपे । ७७औं मिनेटमा निराजनले व्यक्तिगत दोस्रो गोल पूरा गरे । इन्जुरी समयमा कप्तान जिलेस्पीजंग कार्कीले गोल थप्दै आर्मीलाई ५-० को जित दिलाए । यससँगै झन्डै दुई वर्षपछि घरेलु प्रतियोगितामा फर्किएको मनाङले हारबाट राष्ट्रिय लिगको यात्रा सुरु गरेको छ ।

यता पहिलोपल्ट घरेलु प्रतियोगितामा सबैभन्दा ठुलो प्रतिस्पर्धा गरेको चित्लाङ एफसीले सुखद सुरुवात गरेको छ । सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा भएको खेलमा चित्लाङले शनिबार नव जनजागृति युवा क्लबमाथि २-१ को जित निकाल्यो ।

चित्लाङका लागि दुवै गोल विदेशी खेलाडी म्याथ्यु ओलानरेवाजु र सोलोमन इलेसानमीले गरेका हुन् । एन्फा एकेडेमीका पहिलो ब्याजका खेलाडी प्रज्वल प्रताप क्षेत्रीको प्रशिक्षणमा रहेको चित्लाङले पहिलो खेलमा नै तीन अंक बटुल्यो । दुवै हाफमा चित्लाङले समान एक गोल गरेको हो । २८औं मिनेटमा म्याथ्युले गोल गर्दै अग्रता दिलाए । तर आठ मिनेटपछि नै नव जनजागृति खेलमा फर्कियो । उदितनारायण चौधरीले गोल फर्काउँदै नव जनजागृतिलाई खेलमा फर्काए ।

तर दोस्रो हाफमा चित्लाङले दोस्रो गोल गऱ्यो । सोलोमन ६२औं मिनेटमा गोल गरे । यो गोल नै चित्लाङको जितमा पर्याप्त बन्यो । चित्लाङ केही महिनाअगाडि हेटौंडामा सम्पन्न एन्फा प्रेसिडेन्ट लिगको उपविजेताको रूपमा राष्ट्रिय लिगमा छनोट भएको हो । शहीद स्मारक 'ए' डिभिजन लिगका १४ मध्ये १३ क्लब र प्रेसिडेन्ट लिगबाट छनोट भएका चार गरी कुल १७ क्लबले राष्ट्रिय लिगमा प्रतिस्पर्धा गरिरहेका छन् ।

**Government of Bagamati Province**
**Ministry of Physical Infrastructure Development**
**Transport Infrastructure Directorate**
**Infrastructure Development Office**
**Nuwakot, Nepal**

**Invitation for Bids**

**Notice No: 04/2082-83**
**Date of Publication: 18th January, 2026 (2082/10/04)**


1. Infrastructure Development Office, Nuwakot invites electronic bids from Nepalese eligible bidders for the construction of various Roads as mentioned in para 4 **(single stage single envelope bidding procedure)** under National Competitive Bidding procedures.
2. The last date of bid submission is 17th February, 2026 (5th Falgun, 2082) on or before 12.00 Noon. Bid Validity Period is 90 days after bid opening.
3. Eligible Bidders may obtain further detailed information and inspect the Bidding Documents at the office of Infrastructure Development Office, Nuwakot, Bidur. Email: nuwakotido@gmail.com or may visit PPMO website www.bolpatra.gov.np/egp.
4. The name and identification of the contract under **Single stage Single Envelope Bidding Procedure** are as follows:

| S. N. | Contract Identification No. | Name of project | Cost of Bidding Document | Estimated cost inclusive VAT (NRs.) | Bid Security (NRs.): Valid at least 120 days from bid opening day |
|---|---|---|---|---|---|
| 1 | IDONUWAKOT/W/NCB/45/2082-83 | Aletar Biruwa Chitre Kaulethana Hudai Bhot Thansing Sadak, Kakani RM-2 & 5, Nuwakot | 3,000/- | 61,89,584.68 | 1,38,000/- |
| 2 | IDONUWAKOT/W/NCB/46/2082-83 | Kimtang Mode Bata Bumtang Jodthali Puchhartole Hudai Barchet Jane Sadak, Meghang RM-2, Nuwakot | 3,000/- | 1,23,80,546.66 | 2,75,000/- |
| 3 | IDONUWAKOT/W/NCB/47/2082-83 | Kispang Ga.pa-1 Wada Karlaya Dekhi Salme Meghang Ga.Pa-2 Barchet Bunglang Deurali Chiuri Bhangyang Lamidada Samari Bhangyang Dekhi Tarkeshwor Ga.pa-1 Dansingh Jodne Motorbato, Kispang RM-1, Nuwakot | 3,000/- | 28,29,811.02 | 51,000/- |
| 4 | IDONUWAKOT/W/NCB/48/2082-83 | Phalate Dhugang Hudai Suntalitar Sadak, Suryagadhi RM-3, Nuwakot | 3,000/- | 15,71,743.08 | 35,000/- |
| 5 | IDONUWAKOT/W/NCB/49/2082-83 | Ranipauwa Chaturali Bazzar Dhadphedi Basuki Narayan Asthan Hudai Bidur Na.Pa Jodne Sadak, Kakani RM-5, Nuwakot | 3,000/- | 35,36,623.40 | 79,000/- |
| 6 | IDONUWAKOT/W/NCB/50/2082-83 | Samari Kallabari Hudai Dangsingh Tarkeshwer Jodne Sadak, Meghang RM & Tarkeshwer RM, Nuwakot | 3,000/- | 1,85,74,398.14 | 4,12,000/- |
| 7 | IDONUWAKOT/W/NCB/51/2082-83 | Samari Kallabari Pikharidada Pariniti Dhading Sadak, Meghang RM, Nuwakot | 3,000/- | 28,29,032.38 | 63,000/- |
| 8 | IDONUWAKOT/W/NCB/52/2082-83 | Kade pani Mohi Dhara Sadak, Panchakanya RM -2, Nuwakot | 3,000/- | 19,65,013.88 | 50,000/- |
| 9 | IDONUWAKOT/W/NCB/53/2082-83 | Satbise Bagmara Mala Bhanjyang Sadak, Tadi RM, Nuwakot | 3,000/- | 23,57,951.35 | 60,000/- |
| 10 | IDONUWAKOT/W/NCB/54/2082-83 | Samundrataar Pandit tole Hungkadeni Kutungsang Sadak, Dupcheswor RM, Nuwakot | 3,000/- | 61,90,668.07 | 1,55,000/- |
| 11 | IDONUWAKOT/W/NCB/55/2082-83 | Chhalkung Bhalchebesi Hudai Saaptang Khola Sadak Staronaati, Kispang RM -01, Nuwakot | 3,000/- | 61,90,144.83 | 1,55,000/- |

**IDO Chief**

# ‘व्यवसायीमैत्री सरकार नहुँदा समस्या’

*ललितपुर परापुर्वकालदेखि नै व्यापार व्यवसाय गर्ने व्यवसायीहरूको कर्म थलोको रूपमा चिनिन्छ । हस्तकला, टेक्सटायलदेखि आयात निर्यातमा यहाँ व्यवसायीको लामो इतिहास पाइन्छ । यहाँबाट आत्मनिर्भर अर्थतन्त्रको लागि नेपाली कला संस्कृतिलाई जर्गेना गर्दै नेपाली हस्तकलालाई विदेशसम्म पुऱ्याउने काम हुने गरेको छ । तर, पछिल्लो समय हस्तकला, टेक्सटायल र उद्योग व्यवसायमा आएको मन्दीको असर ललितपुरका व्यवसायीले समेत भोग्नु परेको छ । यसै सन्दर्भमा ललितपुर चेम्बर अफ कमर्सका अध्यक्ष **पुष्परत्न शाक्य**सँग मध्यान्हका **छबि सापकोटा**ले कुराकानी गरेका छन् ।*



■ **पुष्परत्न शाक्य**, अध्यक्ष, ललितपुर चेम्बर अफ कमर्स

**ललितपुर क्षेत्रका व्यवसायीको अवस्था कस्तो छ ?**

अहिले देशैभरीको व्यापार व्यवसायमा मन्दी छ । उद्योगी व्यवसायले उत्पादन गरेका वस्तुहरूका बिक्रीको अवस्था निकै कमजोर छ । पछिल्लो दुई तीन वर्ष यता अधिंकाश व्यवसायमा उत्साह छैन ।

लगानी गरेर भोलि केही होला कि ? भन्ने आशामा मात्र व्यवसाय चलिरहेको अवस्था छ । विषेशगरी ललितपुरमा घरेलु, निर्यातमुखी उद्योग व्यवसाय धेरै छन् ।

ललिपुर हस्तकलाका मुर्ति, कला संस्कृति झल्काउने ढोकादेखि बाँसबाट बनाइने हस्तकलाका सामग्रीदेखि व्यापारको हबको रूपमा लामो समयदेखि व्यवसायीको थलो हो ।

तर पछिल्लो समय कुनै पनि व्यवसायमा आत्मविश्वास छैन । जेन्जी आन्दोलनपछि झनै व्यवसायीको मनोवल कमजोर छ । अब देश निर्वाचनमा होमिएकोले आगामी नेतृत्वले लिने नीतिमा व्यवसायको भविष्य निर्भर रहनेछ ।

**व्यापारकै हब रहेको स्थानमा अहिले कत्तिको चहलपहल छ ?**

ललितपुर पछिल्लो समय सुन्दर सहरको रूपमा विकसित समेत हुँदैछ । होटल, रेष्टुरेन्ट तथा अन्य व्यवसाय बढ्दो गतिमा विकास भइरहेको देखिन्छ । तर, देशको माहोलले गर्दा व्यापार कम छ । राजनीति अस्थिरताले व्यवसायमा अन्योलता देखिएको छ ।

ललितपुर अन्तर्राष्ट्रिय रूपमा नै ह्यान्डिक्राफ्टको लागि चर्चित क्षेत्र हो । विगतमा एक्सपोर्ट समेत राम्रै हुने गरेको थियो । अहिले एक्सपोर्ट निकै कम हुँदै गएको छ । ललितपुरका उद्योगमा समेत उत्पादन कम छ । जसरी केही वर्ष अघि चहलपहलको चमक थियो, तर अहिले बजारमै सटरहरू खाली भइरहेको अवस्था छ ।

उद्यम व्यवसाय गर्नेहरूले समेत काम छोडेर गइरहेका छन् । व्यापार व्यवसाय गर्नेले समयमै भाडा तिर्न सकिरहेका छैनन् । व्यापार समेत पोहोर भन्दा हालसल एकदम कम छ । आयातित वस्तुहरूले हस्तकलालाई विस्थापित गराइरहेका छन् ।

मुख्य रूपमा हेर्ने हो भने नेपालीको क्रय शक्ति एकदम कम हुँदा व्यापार व्यवसायको चक्र नै बिग्रिएको छ । व्यवसायीमा निराशा बढ्दो छ । नेपालको अर्थतन्त्रलाई लयमा ल्याउने भनेको राजनीतिक स्थिरता नै हो । त्यो नहुँदा त्यसको असर सबै क्षेत्रमा परेको छ ।

**व्यवसायीमा देखिएको निराशालाई तोड्नका लागि के आवश्यक छ ?**

निराशा तोड्नको लागि सबै नेपालीमा आत्मविश्वास आउनु पर्छ । देशको अर्थतन्त्र सहज भएको छ । विदेश जाने भन्दा स्वदेशमै बस्नेले सम्मान पाउने वातावरण नबनेसम्म निराशा तोडिने देखिँदैन ।

आन्दोलन, मन्दी जे भएपनि सबै भन्दा धेरै असर उद्यमीलाई पर्ने गरेको छ । नेपालमा राजनीतिक स्थायित्व नहुँदा विकासको गति समेत सुस्त बन्न पुगेको छ । विजनेस म्यान र उद्योगीलाई लगानी गर्दा भन्दा नगर्दा फाइदा हुने देखिन्छ ।

व्यवसायीलाई कतैबाट सहुलियत छैन । नेपालमा अहिले जो पावरमा छन्, जोसँग प्रशस्त पैसा छ, उनीहरूको मात्र रजगज देखिन्छ अरु चाहिँ व्यक्ति एकदमै बर्बाद भइरहेका छन् ।

**हस्तकला व्यवसायमा ललितपुर अग्रणी थियो, अहिले हस्तकलाको व्यापार कस्तो छ ?**

ललितपुर पहिले देखि नै हस्तकलाको भण्डार नै हो । हस्तकलाका सामग्री धेरै निर्यात हुने यहीँबाट नै हो । ललितपुरको जस्तो हस्तकला अरु जिल्लामा बन्दैन भन्ने विश्वास रहेको पाइन्छ । एउटा मुर्ति बनाउन कमसेकम छ, सात महिना लाग्छ । सानादेखि ठुला मुर्ति समेत यहाँ बन्ने गरेका छन् । लाखौं पर्ने हस्तकलाका सामग्री बन्ने गरेका छन् । तर, यहाँ जुन कलाकृति छन् जुन पौरख छन् त्यो बजारमा नबिकेपछि हस्तकलामा काम गर्ने पलायन भइरहेको अवस्था छ ।

अर्को, हस्तकला अहिले पुस्तान्तरण हुन सकिरहेको छैन । हस्तकला जानेको मान्छेले काम छोडेका छन् । हस्तकलाको समान महँगो भयो, सामान उत्पादन गर्न गाह्रो भयो र अर्को कुरा त्यो एक्सपोर्ट पनि हुन सकेको छैन । पहिले इन्टरनेसनल ट्रेड एक्सपोर्ट हुन्थ्यो, विभिन्न अन्तर्राष्ट्रिय मेलामा हस्तकलामा समान पुग्ने गरेका थिए तर अहिले निकै कम भएको छ । त्यसैले गर्दा हस्तकलाको फस्टाउन सकेको छैन ।

**समग्र उद्योग व्यापार व्यवसाय फस्टाउनका लागि के गर्नुपर्छ जस्तो लाग्छ ?**

यसमा सरकारको भूमिका र नीति नै प्रमुख कुरा हो । नेपालमा देखिएको अस्थिर राजनीतिले सरकार फेरबदलले व्यवसाय र उद्योगमैत्री काम भएकै छैन । फेरि चुनावी प्रक्रिया सुरु हुँदैछ । फागुन २१ गते चुनाव हुने भनिएको छ, चुनाव भएर स्थिर सरकार बन्यो भने केही आशा गर्ने ठाउँ हुन्छ होला । तर, फेरि पनि उस्तै केही महिनाको लागि सरकार बन्ने, एकले अर्कोलाई विरोध गर्ने अवस्था सृजना भयो भने फेरि देश पछि पर्छ । मुख्य रूपमा जनतालाई सरकारले राहत दिने पनि काम गर्ने हुनुपर्‍यो । अब जनतालाई आश्वासनले हुँदैन काम गरेर देखाउनु पर्ने छ । जनतासँग पैसा छैन, बैंकमा पैसा छ । बैंकको पैसा लगानी गरेर जनताकोमा पुग्न लामो झन्झटले गर्दा पैसा बजारमा आउन सकेको छैन ।

**चुनाव पछि आउने सरकारबाट चाहिँ व्यवसायीहरूको अपेक्षा के छ ?**

चुनाव हुन्छ की हुँदैन अझै दोधारको अवस्था देखिएको छ । तर, आशा गरौं समयमै निर्वाचन भएर नयाँ नेतृत्व राम्रो आओस । स्थिर सरकार आयो भने मात्र देशको विकास हुन्छ ।

बहुमतको सरकार नभएपछि फेरि सरकार बन्ने, भत्किने अवस्था आउन सक्छ । त्यसैले जनताको चाहना र व्यवसाय मात्र होइन सबैको चाहना के छ भने एउटा बहुमतको सरकार बनोस् । राजनीतिक स्थायित्व होस् । राजनीतिक स्थायित्व भएन भने अब लगानीकर्ता स्वदेशमा बस्दैनन् ।

## फाइनान्स कम्पनीहरूको कर्जा प्रवाहको धितोमा घरजग्गाको वर्चस्व

**तारा पौडेल/मध्यान्ह**
काठमाडौं, ३ माघ

सञ्चालनमा रहेका १७ वटा फाइनान्स कम्पनीहरूले घरजग्गा धितोमा सबैभन्दा धेरै कर्जा प्रवाह गरेको देखिएको छ । नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको चालु आर्थिक वर्षको मंसिर महिनासम्म फाइनान्स कम्पनीहरूले प्रवाह गरेको कुल कर्जायोगको ९१ अर्ब ५६ करोड १० लाख रुपैयाँबराबरको कर्जा घरजग्गा धितोमा आधारित रहेको देखाएको हो ।

समीक्षा अवधिसम्म फाइनान्स कम्पनीहरूको कुल कर्जा तथा सापटी प्रवाह १ खर्ब ३ अर्ब ७३ करोड ४० लाख रुपैयाँ रहेको छ ।

त्यस्तै, समीक्षा अवधिसम्म फाइनान्स कम्पनीहरूले सुन र चाँदीको धितोमा ८२ करोड २० लाख रुपैयाँ, गैरसरकारी धितोपत्रमा २ अर्ब ७१ करोड ४० लाख रुपैयाँ र आफ्नै मुद्दती निक्षेपको धितोमा १ अर्ब ७ करोड ५० लाख रुपैयाँ कर्जा लगानी गरेका छन् । साथै, कम्पनीहरूले सो अवधिमा व्यक्तिगत ग्यारेन्टीमा १ अर्ब ६७ करोड १० लाख र संस्थागत ग्यारेन्टीमा १ अर्ब ३४ करोड ५० लाख रुपैयाँ कर्जा प्रवाह गरेका छन् ।

**लगानीको ठुलो हिस्सा उपभोग्य कर्जामा**

त्यस्तै, राष्ट्र बैंकको विवरणअनुसार फाइनान्स कम्पनीहरूले आफ्नो कुल लगानीको ठुलो हिस्सा उपभोग्य कर्जा र थोक तथा खुद्रा व्यापार क्षेत्रमा केन्द्रित गरेका छन् । फाइनान्स कम्पनीहरूले उपभोग्य क्षेत्रमा सबैभन्दा बढी ३२ अर्ब ८९ करोड ९० लाख रुपैयाँ र थोक तथा खुद्रा विक्रेतामा १४ अर्ब २४ करोड ७० लाख रुपैयाँ कर्जा प्रवाह भएको छ ।

त्यस्तै, समीक्षा अवधिमा वित्त, बिमा र घरजग्गा क्षेत्रमा कम्पनीहरूको १२ अर्ब ३३ करोड ३० लाख, कृषि तथा वन क्षेत्रमा ७ अर्ब ३७ करोड ९० लाख र पर्यटन सेवा क्षेत्रमा अर्ब ९९ करोड ५० लाख रुपैयाँ लगानी भएको छ ।

कम्पनीहरूले कुल ३२ अर्ब ५७ करोड १० लाख रुपैयाँ आवधिक कर्जाका रूपमा प्रवाह गरेका छन् भने ३ करोड रुपैयाँसम्मको व्यक्तिगत घर कर्जामा १५ अर्ब ९८ करोड ८० लाख रुपैयाँ लगानी गरेका छन् । त्यस्तै, तथ्यांकले घरजग्गा व्यवसायमा ११ अर्ब ९४ करोड ६० लाख र सवारीसाधनलगायतका हायर पर्चेज क्षेत्रमा ३ अर्ब ७१ करोड रुपैयाँ कर्जा प्रवाह गरेको देखाएको छ ।

## होटल व्यवसायमा व्यस्त अर्जुन

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, ३ माघ

‘कोसिस गर्नेहरूको हार कहिल्यै हुँदैन’ भन्ने भनाइ पाणिनि गाउँपालिकाको दुर्गाफाँटमा होटल व्यवसाय सञ्चालन गर्दै आएका ४१ वर्षीय अर्जुन पोखेलको जीवनले स्पष्ट पारेको छ । २५ वर्षको उमेरमै होटल व्यवसाय सञ्चालन गरेका पोखेल मिहिनेती व्यवसायीका रूपमा परिचित छन् । बिहान ६ बजेदेखि साँझ ९ बजेसम्मको समय सामाजिक तथा राजनीतिक कामसँगै होटलमा आउने ग्राहकको सेवा सत्कारमा बिताउँछन् उनी । उनले होटल व्यवसायबाट दैनिक ३० हजार रूपैयाँ बढीको कारोबार गर्दै आएको बताउँछन् । होटलमा कार्यरत कामदारको ज्याला, आवश्यक खाद्य सामग्रीलगायतको खर्च कटाएर ५ हजारदेखि ७ हजारसम्म रुपैयाँ पोखेलले दैनिक आम्दानी गर्दै आएका छन् । नम्र स्वभावका पोखेलको होटेलमा निर्माण क्षेत्रमा काम गर्ने मजदुर, कर्मचारी, यातायात क्षेत्रमा काम गर्ने व्यक्ति, पर्यटकलगायतका आउने गर्छन् ।

‘महिनामा २० देखि २५ लाख रुपैयाँसम्मको होटलबाट कारोबार हुने गरेको छ,’ पोखेलले भने, त्यसबाट २ लाख रुपैयाँ जति मेरा लागि महिनाको



आम्दानी हुन्छ, केहीलाई रोजगारी पनि दिएको छु ।’

होटलको कमाइबाटै पोखेलले घर खर्चसँगै औषधिउपचार, लुगाफाटो, खाद्यान्न सामाजिक उत्तरदायित्वअन्तर्गतको खर्च, राजनीतिक दौडधुप खर्चलगायतको व्यवस्था मिलाउँदै आएको बताए । काठमाडौंमा २० वर्ष होटल व्यवसाय गरेका उनले पाणिनिको दुर्गाफाँटमा राजनीति गर्ने र व्यवसाय गर्ने उद्देश्यले सो होटल सञ्चालनमा ल्याएका हुन् । ग्राहकले खाना र नास्ता रुचाउन थालेपछि अहिले आम्दानी पनि बढ्दै गएको उनको भनाइ छ ।

अहिले उनले होटलका शाखासमेत विस्तार गर्न लागेको बताएका छन् । अरूलाई होटल व्यवसाय गरी सहज जीवनयापन गरेको देख्दै आएपछि यसै पेसाप्रतिको लगाव बढ्दै आएको उनले बताए । पाणिनि तपोभूमि, दह, दुर्वाशेश्वर गुफा धार्मिक क्षेत्र सुपादेउराली मन्दिरसम्म पुगेर फर्केका अधिकांश आन्तरिक पर्यटकको मुख्य रोजाइ अर्गानिक खाना हुने गरेको पोखेलको भनाइ छ । पछिल्लो समय आन्तरिक पर्यटक बिदाको समयमा पर्यटकीयस्थल भ्रमण गर्ने र अर्गानिक परिकारको स्वाद लिँदै रमाउने परिपाटी बढिरहेको छ । पछिल्लो समय अर्घाखाँचीका युवाहरूमा कृषिसँगै रिसोर्ट होटल सञ्चालन गर्ने लहर पनि चलेको देखिन्छ ।

आम्दानी लिन सहरमा मात्रै नभएर ग्रामीण क्षेत्रमा पनि गर्न सकिन्छ भन्ने कुरालाई प्रमाणित गरेका छन् व्यवसायी पोखेलले । आन्तरिक र बाह्य पर्यटकलाई मनोरञ्जन प्रदान गर्न र यसै पेसा व्यवसायबाट आम्दानी गर्ने हेतुले सञ्चालनमा ल्याइएको सो रिसोर्टमा बस्नका लागि अत्यन्त सुविधाजनक कोठा, लोकल खसीबोका, स्थानीय जातका कुखुरा, कालिज, माछा र अन्य अर्गानिक स्वादको विषयमा यात्रु तथा अन्य मानिसले समेत प्रशंसा गर्ने गरेको सन्धिखर्क ६ का स्थानीय दीपक पाण्डेको भनाइ छ ।

सुन्दर फाँट रहेको दुर्गा खोलामा कलकल बगेको पानी र चारैतिर हरियाली फाटहरू हेर्न, चराचुरंगीको आवाज सुन्न तथा शिरानतर्फ दुर्वाशेश्वर मन्दिरनजिकै दृश्यावलोकन गर्न पाउँदा झन् मन आनन्दित हुने बुटबलका रमेश पोखेलले पनि बताए । शान्त वातावरणमा शुद्ध अर्गानिक परिकारको स्वादले अर्घाखाँची भ्रमणमा पुग्ने जोकोहीलाई सगुनले मोहित पार्ने उनको भनाइ छ । करिब १ करोड ३० लाख रुपैयाँको लगानीमा बनेको रिसोर्टमा पाइने अधिकांश परिकार स्थानीय उत्पादन रहेको र अझै लगानी थप गर्ने योजना भएको समेत सञ्चालक पोखेलले बताए । सो रिसोर्टमा विभिन्न कार्यक्रम गर्न सकिने हिसाबले समेत सुविधासम्पन्न हल र एसी रुमको व्यवस्थासमेत मिलाइएको उनको भनाइ छ ।

## बजेट निर्माण प्रक्रिया सुरु

**काठमाडौं/मस**– आगामी आर्थिक वर्ष (आव) २०८३/८४ को बजेट निर्माण प्रक्रिया अघि बढेको छ । आगामी आर्थिकको बजेटका लागि सम्भावित स्रोत खोज्ने र खर्चको सीमा निर्धारण गर्नेगरी राष्ट्रिय स्रोत अनुमान समितिले काम थालिसकेको राष्ट्रिय योजना आयोगले जनाएको छ ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ७ मा वार्षिक बजेट बनाउँदा स्रोतको अनुमान र खर्चको सीमा निर्धारण गर्नुपर्ने व्यवस्था रहेको छ । योजना आयोगले अर्थ मन्त्रालयसँगको समन्वयमा मध्यमकालीन खर्च संरचना तथा आगामी आर्थिक वर्षको बजेट र कार्यक्रम तर्जुमा गर्ने प्रयोजनका लागि आगामी तीन वर्षमा उपलब्ध हुने स्रोत तथा गर्न सकिने खर्चको सीमाको पूर्वानुमान चालु आर्थिक वर्षको माघ मसान्तभित्र गरिसक्नुपर्ने व्यवस्था छ । यसका लागि योजना आयोगको उपाध्यक्षको संयोजकत्वमा एक राष्ट्रिय स्रोत अनुमान समिति छ । उक्त समितिलाई सहयोग गर्नेगरी अर्को प्राविधिक समिति बनाएर प्रारम्भिक काम थालिसकेको आयोगका सचिव रविलाल पन्थले जानकारी दिए ।

‘प्राविधिक समितिको बैठक बसेर काम सुरु भइसकेको छ, समष्टिगत आर्थिक परिसूचकलाई विश्लेषण गरेर स्रोत अनुमान गर्नुपर्ने हुँदा नेपाल राष्ट्र बैंक, राष्ट्रिय तथ्यांक कार्यालय, अर्थ मन्त्रालय तथा अन्य विषयगत मन्त्रालयसँग तथ्यांक र विवरण मागिएको छ,’ उनले भने,




‘प्राविधिक समितिले स्रोत अनुमान समितिको बैठकका लागि तयारी गरिरहेको छ, कानुनले तोकेको समयभित्र बजेट सिलिङ पेस हुन्छ ।’ राष्ट्रिय स्रोत अनुमान समितिले माघ मसान्तसम्ममा स्रोतको अनुमान तथा खर्चको सीमा निर्धारण गरिसक्नुपर्ने र सोसम्बन्धी प्रतिवेदन प्रत्येक वर्षको फागुन ७ गतेभित्र अर्थमन्त्रीसमक्ष पेस गरिसक्नुपर्ने ऐनको व्यवस्था छ । स्रोत अनुमान समितिले आवधिक योजनामा प्रक्षेपित लगानी तथा वित्तीय आवश्यकताको आधारमा आगामी तीन आर्थिक वर्षका लागि संघ, प्रदेश र स्थानीय तहको कुल राष्ट्रिय स्रोत अनुमान गर्नुपर्ने व्यवस्था रहेको छ । हाल कार्यान्वयनमा रहेको १६औं पञ्चवर्षीय योजना कार्यान्वयन कार्ययोजना बनाएर मन्त्रिपरिषद्मा पठाइएको पनि आयोगका सचिव पन्थले जानकारी दिए ।

स्रोत अनुमान गर्दा गत आर्थिक वर्षको आर्थिक र आर्थिक वर्षको ६ महिनाको समष्टिगत आर्थिक परिसूचक, आगामी आर्थिक वर्षमा उपलब्ध हुन सक्ने राजस्व, विकास सहायता र आन्तरिक ऋणलगायतका संघीय सञ्चित कोषमा जम्मा हुन सक्ने रकमका आधारमा वस्तुनिष्ठ भई स्रोतको अनुमान गर्नुपर्नेहुन्छ ।

त्यस्तै, स्रोतको अनुमान भएपछि चालु वर्षको मध्यमकालीन खर्च संरचनासमेतलाई दृष्टिगत गरी खर्चको सीमा निर्धारण गर्नुपर्ने व्यवस्था पनि ऐनमा रहेको छ । खर्चको सीमा निर्धारण गर्दा अनिवार्य दायित्व तथा जनाइएको प्रतिबद्धताबमोजिम भुक्तानी हुन बाँकी रकमसमेत समावेश गरी समष्टिगत आर्थिक स्थायित्वमा प्रतिकुल असर नपर्ने गरी गर्नुपर्नेलगायतका विषय आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनमा राखिएका छन् ।यसअघि आयोगले आयोगले आगामी आवका लागि संघीय समपूरक र विशेष अनुदानअन्तर्गत कार्यान्वयन हुने योजना तथा कार्यक्रमको प्रदेश र स्थानीय तहसँग प्रस्ताव माग गरिसकेको छ । प्रदेश तथा स्थानीय तहका लागि संघीय सरकारबाट उपलब्ध हुने समपूरक तथा विशेष अनुदान लिनका लागि माघ मसान्तभित्रमा प्रस्ताव पेस गरिसक्नुपर्नेछ ।

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: भगवतीबहाल, नक्साल, काठमाडौं, फोन: ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, प्रधानसम्पादक: **मदनकुमार श्रेष्ठ** सम्पादक: **जनक नेपाल**